# नेपाल बीमा प्राधिकरण

कुपण्डोल, ललितपुर

# वार्षिक प्रतिवेदन

## आ.व. २०७९/०८०

# नेपाल बीमा प्राधिकरण

कुपण्डोल, ललितपुर

# वार्षिक प्रतिवेदन

## २०७९/८०

# वार्षिक प्रतिवेदन

## २०७९/८०


प्रकाशक : नेपाल बीमा प्राधिकरण, कुपण्डोल, ललितपुर

संस्करण : २०८०



सम्पर्क नं. : ०१-५४२१०७९, ५४३८७४३

टोल फ्रि नं. : १६६०-०१-५६७८९

फ्याक्स : ०१-५४२०११९

इमेल : *info@nia.gov.np*

वेभसाइट : *www.nia.gov.np*

# सञ्चालक समितिका सदस्यहरू (आ.व. २०७९/८०)



**श्री सूर्य प्रसाद सिलवाल**
अध्यक्ष
नेपाल बीमा प्राधिकरण



**श्री मान बहादुर अर्याल**
सदस्य
कानून, न्याय तथा संसदिय मामिला मन्त्रालय



**श्री भुपाल बराल**
सदस्य
अर्थ मन्त्रालय



**श्री सन्तोष रिजाल**
सदस्य
प्रतिनिधि बीमित



**श्री कपिल देव वली**
सदस्य
बीमा विज्ञ

# अध्यक्षको मन्तव्य



आर्थिक वर्ष २०७९/८० को नेपाल बीमा प्राधिकरणको वार्षिक प्रतिवेदन यहाँहरू समक्ष प्रस्तुत गर्ने अवसर पाएकोमा खुशी व्यक्त गर्दछु । यस प्रतिवेदनमा बीमाक्षेत्रसंग सम्बन्धित तथ्याङ्क सहित विगतको आर्थिक वर्षमा प्राधिकरणद्वारा सम्पादन गरीएका मुख्य कार्यहरूको समिक्षा प्रस्तुत गरीएको छ ।

प्राधिकरणले बीमा ऐन तथा बीमा नियमावलीको अधिनमा रहि बीमाका आधारभूत सिद्धान्तहरू अनुरूप आफ्नो नियमनकारी भूमिका अवलम्बन गर्दै आईरहेको छ । प्राधिकरणले बीमाको पहुँच सर्वसाधारण सम्म पुर्याउन बीमा प्रति सम्पूर्ण नागरीकहरूलाई जागरूक तथा सजग गराउन स्थानीय निकाय, विद्यालय, प्रहरी, अन्य वित्तीय क्षेत्र, उद्योग व्यवसाय, बीमाका मध्यस्थकर्ता लगायत बीमक तथा अन्य सरोकारवालाहरूसंग बीमा सम्बन्धी अन्तरक्रिया तथा छलफल कार्यक्रमलाई निरन्तरता प्रदान गर्दै आइरहेको छ । वि.सं. २०७९ कार्तिक २२ जारी बीमा ऐनले तत्कालिन बीमा समितिलाई नेपाल बीमा प्राधिकरणमा रूपान्तरण गरेको छ । साथै, बीमा क्षेत्रलाई थप बलियो र विश्वस्नीय बनाउन यस आ.व.मा बागमती प्रदेशको कार्यभार केन्द्रिय कार्यालयबाट सम्हाल्ने गरी बाँकी सम्पूर्ण प्रदेशहरूमा प्राधिकरणको छ वटा प्रदेश कार्यालयको स्थापना गरी सञ्चालनमा ल्याएको छ । आ.व. २०७९/८०को अन्त्यमा नेपाल बीमा बजारमा १४ वटा जीवन बीमकहरू, १४ वटा निर्जीवन बीमकहरू, ४ वटा लघुबीमक र २ पुनर्बीमक गरी जम्मा ३४ वटा बीमा कम्पनीहरू सक्रिय रहेका थिए ।

वित्तीय प्रणालीको एउटा प्रमुख अङ्गको रूपमा रहेको बीमा क्षेत्रले बिगतका दिनहरूमा उल्लेखनीय प्रगति हासिल गर्न सफल भएको छ । आ.व.२०७९/८० मा बीमा क्षेत्रको दायरामा वृद्धि भई ४४.२ प्रतिशत जनसंख्या बीमा क्षेत्रले समेट्न सकेको छ । बीमा प्राधिकरण बीमितको हक हित संरक्षण तथा बीमा बजारमा हुन सक्ने नकारात्मक प्रभावलाई न्यूनीकरण गर्न स्थलगत तथा गैह्स्थलगत निरीक्षण कार्यलाई प्रभावकारी रूपमा अंगालेर अगाडि बढेको छ । बीमा क्षेत्रको सुदृढीकरणका लागि प्राधिकरणबाट विभिन्न निर्देशिकाहरू जारी तथा परिमार्जन गर्दै आएको छ । बीमा क्षेत्रमा भएका चुनौतिलाई अवसरमा रूपान्तरण गरी आगामी दिनहरूमा बीमा सेवालाई ग्रामीण क्षेत्र तथा न्यून आय भएका विपन्न वर्ग समेतमा विस्तार गर्दै बीमालाई दैनिक जीवनको एउटा अंगको रूपमा बिकास गर्न प्राधिकरण संधै प्रतिवद्ध रहेको छ ।

अन्त्यमा, वार्षिक प्रतिवेदन लेखन तथा सम्पादन कार्यमा महत्वपूर्ण योगदान पुर्याउनुहुने प्राधिकरणका निर्देशक श्री सुशील देव सुवेदी, उप निर्देशकहरू श्री विरोध वाग्ले, श्री प्रीति देव, श्री राम कोजू, तथ्याङ्क शास्त्री श्री बसन्त प्रसाद बोहरा तथा सहायक निर्देशक श्री सचिन राई प्रति आभार व्यक्त गर्दछु । साथै, बीमा क्षेत्रको समग्र सरोकारवालाहरू लगायत प्राधिरणका सम्पूर्ण कर्मचारीहरू प्रति आभार व्यक्त गर्दै आगामी दिनहरूमा सबैको सहयोगको अपेक्षा गर्दछु ।

**श्री सूर्य प्रसाद सिलवाल**
**अध्यक्ष**
**नेपाल बीमा प्राधिकरण**

# विषयसूची

## भाग १
## परिचय


१.१ बीमा व्यवसायको विकास ..... १
१.२ नेपाल बीमा प्राधिकरणको स्थापना र विकास ..... २
१.३ नेपाल बीमा प्राधिकरणको गठन ..... २
१.४ नेपाल बीमा प्राधिकरणको काम, कर्तब्य र अधिकार ..... ३
१.५ नेपाल बीमा प्राधिकरणद्वारा जारी भएका निर्देशन तथा मार्गदर्शनहरु ..... ४
१.७ अपेक्षित उपलब्धि ..... ६
१.८ बीमा ऐन, २०७९को मूख्य व्यवस्थाहरू ..... ७
१.९ नेपाल बीमा प्राधिकरणबाट आ.व. २०७९/८० मा सम्पादन भएका कार्यहरुको विवरण ..... ८


## भाग-२
## विश्व अर्थतन्त्र


२.१ विश्व आर्थिक वृद्धिदर ..... १७
२.२ दक्षिण एशियाली तथा छिमेकी मुलुकहरुको आर्थिक वृद्धिदर ..... १८
२.३ विश्व बीमा बजार ..... १९
२.४ विश्व जीवन बीमा बजार ..... २०
२.५ विश्व निर्जीवन बीमा बजार ..... २१


## भाग- ३
## नेपालको बीमा बजार


३.१ बीमकहरुको संख्या ..... २२
३.२ बीमकहरुको शाखा ..... २२
३.३ आ.व. २०७९/८० मा बीमा व्यवसायको केही मूलभुत सुचाङ्क ..... २३
३.४ कूल गार्हस्थ उत्पादनमा कूल बीमाशुल्कको अनुपात ..... २५
३.५ बीमा क्षेत्रले प्रदान गरेको रोजगारी ..... २५


## भाग-४
## जीवन बीमा बजार


४.१ जीवन बीमा कम्पनीहरुको चुक्ता पूँजी तथा कोष ..... २६
४.२ जीवन बीमा कम्पनीहरुको खुद नाफा ..... २७
४.३ जीवन बीमा कम्पनीहरुले संकलन गरेको बीमाशुल्क ..... २७

४.४ जीवन बीमा कम्पनीहरुले जारी गरेको बीमालेख संख्या ........ २९

४.५ जीवन बीमा दावी भुक्तानी ........ ३०

४.६ जीवन बीमा व्यवसाय गर्ने बीमकहरुबाट भएको लगानी ........ ३०

**भाग-५**

**निर्जीवन बीमा बजार**

५.१ निर्जीवन बीमा कम्पनीहरुको चुक्ता पूँजी तथा कोष ........ ३२

५.२ निर्जीवन बीमा कम्पनीहरुको खुद नाफा ........ ३३

५.३ निर्जीवन बीमा कम्पनीहरुले संकलन गरेको बीमाशुल्क ........ ३३

५.४ निर्जीवन बीमा कम्पनीहरुले जारी गरेको बीमालेख संख्या ........ ३४

५.५ निर्जीवन बीमा दावी भुक्तानी ........ ३५

५.६ निर्जीवन बीमा व्यवसाय गर्ने बीमकहरुबाट भएको लगानी ........ ३५

**भाग-६**

**लघुबीमा बजार**

६.१ लघु बीमकहरुको स्थापना ........ ३७

६.२ लघु बीमकहरुको कारोबार ........ ३७

६.३ लघु बीमकहरुको लगानी ........ ३८

**भाग-७**

**पुनर्बीमा बीमा बजार**

७.१ पुनर्बीमा कम्पनीहरुले संकलन गरेको कूल पुनर्बीमाशुल्क ........ ३९

७.२ स्वदेशी निर्जीवन बीमकहरुबाट संकलन भएको पुनर्बीमाशुल्क ........ ३९

७.३ विदेशी निर्जीवन बीमकहरुबाट संकलन भएको पुनर्बीमाशुल्क ........ ४०

७.४ जीवन बीमा कम्पनीहरुबाट संकलन भएको पुनर्बीमशुल्क ........ ४१

७.५ पुनर्बीमा व्यवसाय गर्ने पुनर्बीमाकहरुले गरेको लगानी ........ ४१

**भाग-८**

**अन्य बीमा बजार**

८.१ कृषि तथा पशुपन्छी बीमा ........ ४२

८.२ स्वास्थ्य बीमा ........ ४२

८.३ वैदेशिक रोजगार जीवन बीमा ........ ४३

८.४ तेस्रो पक्ष मोटर बीमा ........ ४४

## तालिका सूचीहरू


१. आ.व. २०७९/८० मा नेपाल बीमा प्रधिकरणमा प्रतिनिधित्व गर्ने संचालकहरू ................................... ३
२. आ.व. २०७९/८० मा मर्जरमा गएका निर्जीवन बीमा कम्पनीहरुको विवरण........................................ १२
३. आ.व. २०७९/८० मा मर्जरमा गएका जीवन बीमा कम्पनीहरुको विवरण........................................... १३
४. आ.व. २०७९/८०मा स्थापना भएका लघुबीमकहरुको विवरण.............................................................. १३
५. प्राधिकणका प्रादेशिक कार्यालयहरुको विवरण........................................................................... १४
६. विश्वको आर्थिक वृद्धिदर ........................................................................................................ १७
७. नेपाल लगायत छिमेकी मुलुकहरुको आर्थिक वृद्धि ........................................................................ १८
८. विश्वको बीमाशुल्क आम्दानी.................................................................................................. १९
९. विश्वको जीवन बीमाशुल्क आम्दानी......................................................................................... २०
१०. विश्वको निर्जीवन बीमाशुल्क आम्दानी.................................................................................... २१
११. आ.व.२०७९/८० मा बीमकहरुको संख्या................................................................................... २२
१२. आ.व.२०७९/८० मा बीमकहरुको प्रदेशगत शाखाहरुको संख्या ....................................................... २२
१३. आ.व. २०७९/८० मा नेपाली बीमा बजारका केही मूलभुत सूचाङ्क .................................................. २४
१४. बीमा व्यवसायले प्रदान गरेको रोजगारी ................................................................................... २५
१५. जीवन बीमा व्यवसाय गर्ने बीमकहरुले संकलन गरेको बीमाशुल्क ................................................. २८
१६. जीवन बीमा दावी भुक्तानी ..................................................................................................... ३०
१७. निर्जीवन बीमा दावी भुक्तानी ................................................................................................. ३५
१८. आ.व. २०७९/८० मा दर्ता भएका लघु निर्जीवन बीमक.................................................................. ३७
१९. आ.व. २०७९/८० मा दर्ता भएका लघु जीवन बीमक ..................................................................... ३७
२०. लघु जीवन बीमकले आ.व. २०७९/८० मा गरेको कारोबार ............................................................. ३८
२१. लघु निर्जीवन बीमकले आ.व. २०७९/८० मा गरेको कारोबार .......................................................... ३८
२२. लघु बीमकले आ.व. २०७९/८० मा गरेको लगानी ......................................................................... ३८
२३. कूल पुनर्बीमाशुल्क ............................................................................................................... ३९
२४. स्वदेशी निर्जीवन बीमकहरुबाट संकलन भएको पुनर्बीमाशुल्क ........................................................ ४०
२५. विदेशी निर्जीवन बीमकहरुबाट संकलन भएको पुनर्बीमाशुल्क ......................................................... ४०
२६. जीवन बीमकहरुबाट संकलन भएको पुनर्बीमाशुल्क ...................................................................... ४१
२७. पुनर्बीमकहरुले गरेको लगानी .................................................................................................. ४१
२८. आ.व.२०७९/८० मा कृषि तथा पशुपन्छी बीमाको तथ्याङ्कगत अवस्था .............................................. ४३
२९. आ.व.२०७९/८० मा स्वास्थ्य बीमाको तथ्याङ्कगत अवस्था ............................................................ ४३
३०. आ.व.२०७९/८० मा वैदेशिक रोजगार म्यादी जीवन बीमाको विवरण ................................................ ४३
३१. आ.व.२०७९/८० मा तेस्रो पक्ष मोटर बीमा तथ्याङ्कगत अवस्था ...................................................... ४४

## लेखाचित्र सूचीहरू


१. बीमकहरुको प्रदेशगत शाखाहरुको संख्या ........ २३

२. कूल गार्हस्थ उत्पादनमा कूल बीमाशुल्कको अनुपात ........ २५

३. जीवन बीमकहरुको पूँजी तथा कोष ........ २६

४. जीवन बीमकहरुको खुद नाफा ........ २७

५. जीवन बीमा व्यवसाय गर्ने बीमकहरुले संकलन गरेको बीमाशुल्क ........ २८

६. जीवन बीमा व्यवसाय गर्ने बीमकहरुले आ.व. २०७९/८० मा संकलन गरेको मासिक बीमाशुल्क ........ २९

७. जीवन बीमा कम्पनीहरुले जारी गरेको बीमालेख संख्या ........ २९

८. जीवन बीमा कम्पनीहरुको कूल सक्रिय बीमालेख संख्या ........ ३०

९. जीवन बीमा व्यवसाय गर्ने बीमकहरुबाट भएको लगानी ........ ३१

१०. आ.व. २०७९/८०मा जीवन बीमकहरुले गरेको क्षेत्रगत लगानी विवरण ........ ३१

११. निर्जीवन बीमकहरुको पूँजी तथा कोष ........ ३३

१२. निर्जीवन बीमकहरुले आर्जन गरेको खुद नाफा ........ ३३

१३. निर्जीवन बीमा व्यवसाय गर्ने बीमकहरुले संकलन गरेको बीमाशुल्क ........ ३४

१४. निर्जीवन बीमा कम्पनीहरुले जारी गरेको बीमालेख संख्या ........ ३४

१५. निर्जीवन बीमा व्यवसाय गर्ने बीमकहरुबाट भएको लगानी ........ ३६

१६. आ.व. २०७९/८०मा निर्जीवन बीमकहरुले गरेको क्षेत्रगत लगानी विवरण ........ ३६

१७. कृषि तथा पशुपन्छी बीमाको बीमाङ्क रकम ........ ४२

## अनुसूचीहरू


१. जीवन बीमा व्यवसाय गर्ने बीमकहरु ........ ४५

२. निर्जीवन बीमा व्यवसाय गर्ने बीमकहरु ........ ४६

३. जीवन बीमकहरुको प्रदेशगत कार्यलय र कर्मचारी संख्या ........ ४७

४. निर्जीवन बीमकहरुको प्रदेशगत कार्यलय र कर्मचारी संख्या ........ ४८

५. जीवन बीमा व्यवसाय गर्ने बीमकहरुको चुक्ता पूँजी तथा कोष ........ ४९

६. जीवन बीमकहरुले आर्जन गरेको खुद नाफा ........ ५०

७. जीवन बीमा व्यवासय गर्ने बीमकहरुले आ.व. २०७९/८० मा संकलन गरेको कूल बीमाशुल्क र जारी बीमालेखको विवरण ........ ५१

८. जीवन बीमा व्यवासय गर्ने बीमकहरुले आ.व. २०७९/८० मा विभिन्न बीमालेखहरुबाट संकलन गरेको कूल बीमाशुल्कको प्रदेशगत विवरण ........ ५२

९. जीवन बीमा व्यवासय गर्ने बीमकहरुको आ.व. २०७९/८० मा सक्रिय रहेका कूल बीमालेख संख्याको प्रदेशगत विवरण ........ ५३

१०. जीवन बीमा व्यवासय गर्ने बीमकहरुले गरेको लगानीको विवरण ........ ५४

११. जीवन बीमा व्यवासय गर्ने बीमकहरुको आ.व. २०७९/८० मा गरेको लगानीको विवरण ........ ५५

१२. निर्जीवन बीमा व्यवसाय गर्ने बीमकहरुको चुक्ता पूँजी तथा कोष ........ ५६

१३. निर्जीवन बीमकहरुको खुद नाफा ........ ५७

१४. निर्जीवन बीमा व्यवासय गर्ने बीमकहरुले आ.व. २०७९/८० मा संकलन गरेको कूल बीमाशुल्क र जारी बीमालेखको विवरण ........ ५८

१५. निर्जीवन बीमा व्यवासय गर्ने बीमकहरुले आ.व. २०७९/८० मा विभिन्न बीमालेखहरुबाट संकलन गरेको कूल बीमाशुल्कको प्रदेशगत विवरण ........ ५९

१६. निर्जीवन बीमा व्यवासय गर्ने बीमकहरुको आ.व. २०७९/८० मा सक्रिय रहेका कूल बीमालेख संख्याको प्रदेशगत विवरण ........ ६०

१७. निर्जीवन बीमा व्यवासय गर्ने बीमकहरुले गरेको लगानीको विवरण ........ ६१

१८. निर्जीवन बीमा व्यवासय गर्ने बीमकहरुको आ.व. २०७९/८० मा गरेको लगानीको विवरण ........ ६२

१९. लघु जीवन बीमा व्यवसाय गर्ने बीमकहरुको आ.व. २०७९/८०को लगानीको विवरण ........ ६३

२०. लघु निर्जीवन बीमा व्यवसाय गर्ने बीमकहरुको आ.व. २०७९/८०को लगानीको विवरण ........ ६४

२१. पुनर्बीमा व्यवासय गर्ने पुनर्बीमकहरुको आ.व. २०७९/८० मा गरेको लगानीको विवरण ........ ६५

२२. जीवन बीमा व्यवसाय गर्ने बीमकहरुले आ.व. २०७९/८० मा गरेको लघु बीमा व्यवसायको विवरण........ ६६

२३. आ.व. २०७९/८० मा स्थलगत निरिक्षण गरिएका जीवन बीमकहरु ............................................... ६७

२४. आ.व. २०७९/८० मा स्थलगत निरिक्षण गरिएका निर्जीवन बीमकहरु .......................................... ६७

२५. नेपाल बीमा प्राधिकरणका प्रदेश कार्यालयहरूबाट सम्पन्न भएका कार्यहरू..................................... ६८

२६. कृषि तथा पशुपन्छी बीमालेखको तथ्याङ्क ..................................................................................... ६९

२७. आ.व. २०७९/८०मा भएको कृषि तथा पशुपन्छी बीमाको विवरण ................................................. ७०

२८. आ.व.२०७९/८० मा सक्रिय रहेका कृषि तथा पशुपन्छी बीमालेखहरु ........................................... ७१

२९. आ.व. २०७९/८० अन्त्यसम्ममा प्राधिकरणमा दर्ता मुद्दा सम्बन्धी विवरण ..................................... ७२

३०. आ.व. २०७९/८० को बीमक विरुद्ध उजुरी दर्ता सुची ................................................................. ७२

३१. जीवन बीमा व्यवसाय गर्ने बीमकहरूको आ.व. २०७८/७९ को वित्तीय विवरण स्वीकृति ................... ७३

३२. निर्जीवन तथा पुनर्बीमा व्यवसाय गर्ने बीमकहरूको आ.व. २०७८/७९ को वित्तीय विवरण स्वीकृति ..................................................................................................................... ७४

३३. आ.व. २०७९/८० मा प्राधिकरणबाट स्वीकृत भएका जीवन बीमालेखहरु ...................................... ७५

३४. आ.व. २०७९/८० मा प्राधिकरणबाट स्वीकृत भएका निर्जीवन बीमालेखहरु .................................. ७६

३५. नेपाल बीमा प्राधिकरणको आ.व. २०७९/८० को अपरिष्कृत वित्तीय अवस्थाको विवरण (वासलात) .... ७७

३५. नेपाल बीमा प्राधिकरणको आ.व. २०७९/८०को अपरिष्कृत नाफा नोक्सान विवरण .......................... ७८

भाग १

# परिचय

## १.१ बीमा व्यवसायको विकास

प्राचीन कालमा विश्वका धेरै स्थानमा अविकसित स्वरूपका थुप्रै बीमाका अभ्यासहरू हुने गरेका थिए। भारत, ग्रीस, चीन, इटाली जस्ता प्राचीन सभ्यताहरुमा आजकल बीमा भनिने क्षतिपूर्तिको प्रणाली प्रचलनमा थियो भन्ने कुरा इतिहासमा उल्लेख गरीएको छ। नेपालमा पनि बीमा लिच्छबीकाल देखि नै प्रचलनमा रहेको पाइन्छ। प्राचीन बीमाको एउटा उत्तम अभ्यास नेवारी समाजमा रहेको गुठी परम्परामा देख्न सकिन्छ। नेपाल एकिकरण पश्चात सार्वजनिक सम्पत्तिको वा सर्वसाधारणको सम्पत्ति क्षति भएको खण्डमा त्यस्तो क्षतिको अवस्था हेरी राज्यको तर्फबाट कुमारी चोक अड्डाले क्षतिपूर्ति बहन गर्ने गर्दथ्यो। वि.सं. १९९४ सालमा नेपाल बैंक लिमिटेडको स्थापना भएपछि पनि सबै प्रकारका बीमा भारतीय बीमा कम्पनीहरु मार्फत नै गर्ने गरीन्थ्यो। बैंकिङ प्रणालीमा आयात निर्यात हुने सामान तथा धितो राखेको बस्तुको सुरक्षा गर्नका लागि बीमा गर्नु अपरिहार्य थियो र त्यस्तो बीमाका लागि भारतीय बीमा कम्पनीहरुको भर पर्नु पर्दथ्यो। त्यसैले नेपालमा नै आफ्नै बीमा कम्पनीको आवश्यकता महसुस गरी वि.स. २००४ सालमा नेपाल बैंक लिमिटेडको अग्रसरता र स्वामित्वमा पहिलो बीमा कम्पनीको रुपमा 'नेपाल माल चलानी तथा बीमा कम्पनी' स्थापना भयो। यस कम्पनी मार्फत नेपाली वस्तुहरूको बीमा नेपालमा नै गर्न चाहनेहरूका लागि बाटो खुल्ला भयो।

बीमाको महत्व र आवश्यकता बढ्दै जाँदा नेपाल सरकारले राज्यको आफ्नै बीमा कम्पनी आवश्यक भएको महसुस हुनाले वि.सं. २०२४ सालमा राष्ट्रिय बीमा संस्थान प्रा.लि. को स्थापना भयो। सो कम्पनीलाई वि.सं. २०२५ सालमा राष्ट्रिय बीमा संस्थान ऐन, २०२५ जारी गरी सरकारी कम्पनीका रुपमा राष्ट्रिय बीमा संस्थानका रुपमा परिवर्तन गरीयो। निर्जीवन बीमा व्यवसाय मात्र गर्दै आएको यस कम्पनीबाट वि.सं. २०२९ सालबाट जीवन बीमा व्यवसाय पनि प्रारम्भ भयो। वि.सं. २०४४ सालमा नेपालमा पहिलोपल्ट निजी क्षेत्रको सक्रियतामा विदेशी लगानीमा संयुक्त लगानीको बीमा कम्पनीको स्थापना भयो। जीवन तथा निर्जीवन बीमा व्यवसाय गर्ने उद्देश्यका साथ उक्त नेशनल लाइफ एण्ड जनरल इन्स्योरेन्स कम्पनी लिमिटेडको स्थापना भएको थियो। हाल यो कम्पनी जीवन तथा निर्जीवन बीमा व्यवसाय गर्ने अलग अलग (दुई) कम्पनीमा विभाजन भै सकेको छ। वि.सं. २०४६ सालको राजनीतिक परिवर्तन पश्चात बनेको सरकारले उदार अर्थनीति अवलम्बन गर्यो। जस अनुरुप सार्वजनिक उद्यमहरु निजीकरण गर्ने क्रमसँगै निजी क्षेत्रलाई अन्य उद्योग जस्तै बीमा उद्योगमा आकर्षित गर्ने नीति सरकारले लियो। तत्पश्चात नेपालमा निजी क्षेत्रको स्वामित्वमा बीमा कम्पनीहरु स्थापना गर्ने लहर नै चल्यो। त्यस अघि पाँच वटा रहेको बीमा कम्पनीको संख्या आ.व. २०७९/८०को अन्त्यमा चौतिस पुगिसकेको थियो।

## १.२ नेपाल बीमा प्राधिकरणको स्थापना र विकास

अर्थतन्त्रका विभिन्न क्षेत्रहरू मध्ये बीमा एउटा जटिल प्राविधिक विषय मात्र नभई जोखिम व्यवस्थापनसँग सम्बन्धित भएको अत्यन्तै संवेदनशील विषय पनि हो । यस उद्योग अन्तर्गत कार्य गर्ने बीमा कम्पनी, बीमा सर्भेयर, बीमा अभिकर्ता आदिको उचित सुपरिबेक्षण तथा नियमन गरी समग्र बीमा उद्योगलाई मर्यादित र स्वच्छ बनाउनका लागि एउटा सक्षम नियमनकारी निकायको आवश्यकता परिपूर्ति गर्न वि.सं. २०२५ सालमा तत्कालीन श्री ५ को सरकार, अर्थ मन्त्रालय अन्तर्गत एउटा शाखाका रुपमा तत्कालीन बीमा समितिको स्थापना भएको थियो, जसको स्वरूपमा करिव साढे दुई दशकसम्म कुनै परिवर्तन भएन । सरकारको उदार आर्थिक नीतिको योजना अन्तरगत निजी क्षेत्र समेतका थुप्रै बीमा कम्पनीहरु स्थापना भएको हुनाले सशक्त बीमा नियमनकारी निकायको आवश्यकता महसुस गरी बीमा ऐन, २०४९ जारी गरी सोही ऐन अन्तर्गत वि.सं. २०४९ साल देखि तत्कालीन बीमा समितिलाई एउटा स्वायत्त नियमनकारी निकायका रुपमा स्थापना गरीयो । यसरी बीमा क्षेत्रलाई थप बलियो बनाउन र नियमानकार्यलाई सुद्रिढ गर्न बीमा ऐन, २०४९ लाई बीमा ऐन, २०७९ ले प्रतिस्थापित गरेको छ । साथै, बीमा ऐन, २०७९ले तत्कालीन बीमा समितिको नाम समेत परिवर्तन गरी नेपाल बीमा प्राधिकरण बनाएको छ । नेपाल बीमा प्राधिकरण बीमा उद्योगलाई व्यवस्थित, नियमित, प्रतिस्पर्धी तथा विश्वसनीय बनाउनका लागि बीमा ऐन, २०७९ को परिधि भित्र आफ्नो अधिकार प्रयोग गर्दै आएको छ ।

## १.३ नेपाल बीमा प्राधिकरणको गठन

बीमा प्रणाली तथा बीमा व्यवसायलाई व्यवस्थित, नियमित, प्रतिस्पर्धी तथा विश्वसनीय बनाई त्यसको विकास गर्न, बीमा व्यवसायको स्वस्थ प्रतिस्पर्धाबाट सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो बीमा सेवा उपलब्ध गराउन एवं बीमा व्यवसायको प्रभावकारी रुपमा नियमन गरी बीमितको हक हित संरक्षण गर्नको लागि बीमा सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गरी समयानुकूल बनाउन बीमा ऐन, २०७९ जारी भए पश्चात बीमा व्यवसायको नियमनकारी निकायको रुपमा नेपाल बीमा प्राधिकरणको स्थापना गरेको छ ।

बीमा प्रधिकरणको सञ्चालक समितिमा पाँच सदस्य रहने व्यवस्था छ । सञ्चालक समितिमा नेपाल सरकारले नियुक्त गरेको वा तोकेको व्यक्ति अध्यक्ष, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सहसचिव, अर्थ मन्त्रालयका सहसचिव र जीवन बीमा व्यवसायमा विशेष ज्ञान भएका व्यक्तिहरु मध्येबाट एक जना व्यक्ति र निर्जीवन बीमा व्यवसायमा विशेष ज्ञान भएका व्यक्तिहरु मध्येबाट एक जना व्यक्ति सदस्य रहने व्यवस्था रहेको छ । जीवन अथवा निर्जीवन बीमा व्यवसायमा विशेष ज्ञान भएका सदस्य नियुक्त गर्दा कम्तीमा एकजना महिला रहने व्यवस्था र प्रधिकरणले तोकिदिए बमोजिम अधिकृतस्तरको कर्मचारीले समितिको सचिवको रूपमा काम गर्ने व्यवस्था रहेको छ ।

बीमा ऐन, २०७९ बमोजिम प्रधिकरणको मुख्य प्रशासकीय अधिकारीको रुपमा प्रधिकरणको अध्यक्ष रहने व्यवस्था रहेको छ भने निजले प्राधिकरणको निर्णयहरु कार्यान्वयन गर्ने, प्राधिकरणको काम कारवाहीको रेखदेख तथा नियन्त्रण गर्ने लगायत सम्पूर्ण अधिकार प्राप्त गरेको हुन्छ । प्राधिकरणको संचालक समितिमा प्रतिनिधित्व गर्ने सदस्यहरुको विवरण निम्नानुसार तालिकामा प्रस्तुत गरीएको छ ।

**तालिका नं. १**

**आ.व. २०७९/८० मा नेपाल बीमा प्रधिकरणमा प्रतिनिधित्व गर्ने संचालकहरू**

| क्र.सं. | निकाय | नाम | पद | प्रतिनिधित्व गरेको अवधि | |
|---|---|---|---|---|---|
| | | | | देखि | सम्म |
| १ | नेपाल बीमा प्राधिकरण | श्री सूर्य प्रसाद सिलवाल | अध्यक्ष | २०७७/१०/१९ | हाल सम्म |
| २ | कानुन, न्याय तथा संसदिय मामिला मन्त्रालय | श्री सुशील कोईराला | सदस्य | २०७८/०५/२९ | २०७९/०८/२९ |
| | | श्री  कोशलचन्द्र सुवेदी | सदस्य | २०७९/०९/०१ | २०७९/१०/२१ |
| | | श्री  मान बहादुर अर्याल | सदस्य | २०७९/१०/२२ | हाल सम्म |
| ३ | अर्थ मन्त्रालय | श्री  रितेश कुमार शक्य | सदस्य | २०७८/११/०३ | २०८०/०२/३१ |
| | | श्री भुपाल बराल | सदस्य | २०८०/०२/३२ | हाल सम्म |
| ४ | प्रतिनिधि बीमित | श्री सन्तोष रिजाल | सदस्य | २०७८/०९/०७ | हाल सम्म |
| ५ | बीमा विज्ञ | श्री कपिल देव ओली | सदस्य | २०७७/०५/०३ | हाल सम्म |

## १.४ नेपाल बीमा प्राधिकरणको काम, कर्तव्य र अधिकार

बीमा ऐन, २०७९ बमोजिम प्राधिकरणको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) बीमा सम्बन्धमा नेपाल सरकारको सल्लाहकारको रूपमा कार्य गर्ने,

(ख) राष्ट्रिय बीमा नीति तर्जुमा गरी नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ग) बीमा कम्पनीको स्थापना गर्न पूर्वस्वीकृति प्रदान गर्ने, इजाजतपत्र प्रदान गर्ने तथा खारेजी गर्ने,

(घ) बीमा व्यवसायको लागि आवश्यक विनियम, निर्देशिका, मार्गदर्शन तथा आदेश जारी गर्ने,

(ङ) बीमा मध्यस्थकर्तालाई इजाजतपत्र प्रदान गर्ने, नवीकरण तथा खारेजी गर्ने,

(च) बीमा व्यवसायसँग सम्बन्धित पूँजी तथा पूँजीकोष निर्धारण गर्ने,

(छ) बीमा व्यवसायलाई व्यवस्थित, नियमित, प्रतिस्पर्धी तथा विश्वसनीय बनाउन आवश्यक कार्यक्रम बनाई कार्यान्वयन गर्ने,

(ज) बीमा व्यवसायको विकास तथा विस्तारको लागि अध्ययन, अनुसन्धान, तालिम, अभिमुखीकरण तथा सचेतना सम्बन्धी कार्य गर्ने वा गराउने,

(झ) बीमा दायित्व निर्धारण सम्बन्धमा बीमक विरूद्ध बीमितले दिएको उजुरी उपर निर्णय गर्ने,

(ञ) बीमाका विभिन्न पक्षहरूको बीचको विवाद निरूपण गर्ने,

(ट) बीमा व्यवसायको जोखिम न्यूनीकरण गर्ने सम्बन्धमा आवश्यक कार्य गर्ने,

(ठ) बीमा व्यवसायको विकासको लागि दक्ष जनशक्ति उत्पादन गर्ने तथा बीमा शिक्षाको प्रबर्द्धनको सम्बन्धमा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने,

(ड) बीमाको पहुँच सबै जनतासम्म पुर्‍याउन बीमा व्यवसाय प्रवर्द्धन सम्बन्धी कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने,

(ढ) बीमाको पहुँच न्यून आय भएका वर्गका जनतासम्म पुर्‍याउन लघुबीमा व्यवसायको प्रवर्द्धन गर्ने,

(ण) बीमा व्यवसायको नियमन, निरीक्षण, सुपरीवेक्षण तथा विकासका लागि अन्य सरकारी तथा गैरसरकारी निकायसँग समन्वय, सहकार्य गर्ने तथा सूचना आदान प्रदान गर्ने,

(त) विदेशी मुलुकका बीमा नियमनकारी निकायका साथै अन्तर्राष्ट्रिय सङ्घ संस्था, बीमा सम्बन्धी अध्ययन, अनुसन्धान तथा तालीम कार्यक्रम सञ्चालन गर्ने गराउने अन्य सङ्घ संस्थासँग सहकार्य गर्ने,

(थ) बीमा नियमन सम्बन्धी अन्तर्राष्ट्रिय सङ्घ संस्थामा नेपाल सरकार वा प्राधिकरणको तर्फबाट प्रतिनिधित्व गर्ने तथा त्यस्ता संस्थाको सदस्यता प्राप्त गर्ने,

(द) बीमित हित संरक्षण कोषको सञ्चालन तथा अन्य आवश्यक कार्य गर्ने तथा गराउने,

(ध) बीमा सम्बन्धमा प्रदेशसँग समन्वय गर्ने,

(न) बीमा सम्बन्धी नियामक निकायको हैसियतमा गर्नु पर्ने आवश्यक कार्य गर्ने ।

## १.५ नेपाल बीमा प्राधिकरणद्वारा जारी भएका निर्देशन तथा मार्गदर्शनहरु

**आ.व. २०७९/८० मा जारी निर्देशिकाहरू**

- Guide to Supervisory Intervention Framework, 2080 B.S.
- Nepal Insurance Authority Risk Based Supervision Framework, 2080 B.S.
- बीमकको पुनर्बीमा निर्देशिका,२०८०
- बीमकको संस्थागत सुशासन सम्बन्धी (पाँचौ संशोधन)निर्देशिका, २०८०
- बीमक गाभ्ने गाभिने तथा प्राप्ति सम्बन्धी निर्देशिका (चौथो संशोधन समेत), २०८०
- बीमक दर्ता तथा व्यवसाय संचालन सम्बन्धी(दोस्रो संशोधन समेत)निर्देशिका, २०७३
- जीवन बीमालेख सम्बन्धी निर्देशिका, २०७९
- लघुबीमा निर्देशिका, २०७९
- Own Risk and Solvency Assessment Directives, 2023(2079)
- बीमकको शाखा कार्यालय सम्बन्धी निर्देशिका, २०७९
- बीमा दावी भुक्तानी मार्गदर्शन(तेस्रो संशोधन),२०७९
- बीमा मध्यस्थकर्ता(अभिकर्ता) परीक्षा सम्बन्धी निर्देशिका, २०७९
- लघु निर्जीवन बीमकको लगानी निर्देशन, २०७९
- लघु जीवन बीमकको लगानी निर्देशन, २०७९
- पुनर्बीमकको लगानी निर्देशन, २०७९
- निर्जीवन बीमकको लगानी निर्देशन, २०७९
- जीवन बीमकको लगानी निर्देशन, २०७९
- लघु बीमक स्थापना तथा दर्ता सम्बन्धी निर्देशिका, २०७९

**प्राधिकरणबाट आ.व. २०७९/८० अघि जारी भई लागु अवस्थामा रहका निर्देशिका तथा मार्गदर्शनहरू**

- Internal Audit Directive for insurers, 2078 B.S.
- कृषि, पशुपन्छी तथा जडीवुटी बीमा निर्देशिका, २०७९
- बीमकको कार्यकारी प्रमुखको तलब, भत्ता तथा अन्य सुविधा सम्बन्धी मार्गदर्शन(पहिलो संशोधन समेत), २०७४
- Risk Based Capital and Solvency Directive, 2022 (2078)
- जलवायू जोखिम सम्बन्धी निर्देशिका, २०७८
- दुर्घटना बीमा निर्देशिका, २०७८
- पुनर्बीमा दलाल(ब्रोकर) सम्बन्धी निर्देशिका, २०७८
- संस्थागत बीमा अभिकर्ता समबन्धी निर्देशिका, २०७८
- संस्थापक शेयर कारोवार सम्बन्धी निर्देशिका, २०७७
- जीवन बीमा व्यवसाय गर्ने बीमकको बीमाङ्कीय मूल्याङ्कन सम्बन्धी निर्देशिका, २०७७
- कोरोना बीमा मापदण्ड, २०७७
- जीवन बीमा व्यवसाय गर्ने बीमाकहरूको NFRS मा आधारित वित्तीय विवरण सम्बन्धी निर्देशिका, २०७७
- निर्जीवन बीमा व्यवसाय गर्ने बीमाकहरूको NFRS मा आधारित वित्तीय विवरण सम्बन्धी निर्देशिका,२०७७
- पुनर्बीमा व्यवसाय गर्ने बीमाकहरूको NFRS मा आधारित वित्तीय विवरण सम्बन्धी निर्देशिका, २०७७
- पुनर्बीमा व्यवसाय (व्यवस्थापन तथा सञ्चालन) सम्बन्धी निर्देशिका, २०७६
- निर्जीवन तथा पुनर्बीमा व्यवसाय गर्ने बीमकको बीमाङ्कीय मूल्याङ्कन सम्बन्धी निर्देशिका, २०७६
- बीमकको सूचना प्रविधि मार्गदर्शन, २०७६
- Risk Management Guidelines for Insurance Company, २०७६
- शाखारहित घुम्ती बीमा सेवा सम्बन्धी मार्गदर्शन, २०७६
- बीमकले सहकार्यमा बीमा व्यवसाय सञ्चालन गर्दा अपनाउनुपर्ने नीतिगत मार्गदर्शन, २०७६
- सम्पत्ति बीमा निर्देशिका, २०७५
- सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी निर्देशन, २०७५
- मोटर बीमा दर सम्बन्धी निर्देशिका, २०७३
- बीमकको आन्तरिक लेखा परीक्षण निर्देशिका, २०७२
- लङ् फर्म अडिट सम्बन्धी निर्देशन, २०७२
- बीमकले सञ्चालन गर्ने बीमा अभिकर्ताको तालिम निर्देशिका, २०७२
- बीमा समिति तालिम कार्यविधि,२०७२
- बैंकर्स क्षतिपूर्ति निर्देशिका, २०७१

## १.६ चालू पन्धौं योजनामा बीमा

आ.व. २०७६/७७ देखि २०८०/८१ सम्म चालु रहने पन्ध्रौं योजनामा बीमा क्षेत्रको सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति देहाय बमोजिम रहेका छन् ।

**सोचः** सुदृढ र विस्तारित बीमा सेवाबाट जोखिम न्यूनीकरण मार्फत उत्थानशील समाज र अर्थतन्त्र निर्माण ।

**लक्ष्यः** अन्तरार्ष्ट्रिय प्रचलन र अभ्यास अनुरूप बीमा सेवाको विकास एवम् विस्तार गरी आर्थिक, प्राकृतिक, सामाजिक एवम् अन्य कारणबाट उत्पन्न हुने जोखिमलाई बीमाको दायरामा ल्याई बित्तीय जोखिम न्यूनिकरण गर्ने ।

**उद्देश्यः** बीमा क्षेत्रलाई प्रभावकारी र दिगो बनाई दुर्गम तथा न्यून आय भएका वर्ग लगायत समाजका सबै तह र कारोबारमा बीमा सेवाको पहुँच पुर्याउनु ।

## रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| बीमा सेवालाई प्रभावकारी र प्रतिस्पर्धी बनाउन तथा बीमितको हक हित सुनिश्चित गर्नका लागि नीतिगत, कानूनी एवम् संस्थागत सुधार गर्ने । | • बीमा सम्बन्धी विद्यमान कानूनलाई समय सापेक्ष परिमार्जन गरीनेछ ।<br>• विद्यमान अन्तराष्ट्रिय परिवेश अनुरूप बीमकहरूको जोखिम न्यूनीकरणका लागि जोखिममा आधारित सुपरिवेक्षण प्रणाली लागू गरीनेछ ।<br>• बीमा क्षेत्रको नियमनलाई सबल, प्रभावकारी र व्यवसायिक बनाउन नियामक निकायको क्षमता अभिवृद्धि गरीनेछ ।<br>• संघीय संरचना बमोजिम नियामक तथा बीमा कम्पनीको पुर्नसंरचना तथा बिस्तार गरीनेछ ।<br>• पुनर्बीमाको संस्थागत क्षमता वृद्धि गरीनेछ । |
| बीमा सम्बन्धी अन्तर्राष्ट्रिय प्रचलन, अभ्यास तथा मापदण्डको आधारमा बीमा सेवा प्रदान गर्ने । | • बीमक तथा बीमा मध्यस्थकर्ताहरूको निरीक्षण तथा अनुगमन कार्यलाई थप प्रभावकारी बनाई अन्तर्राष्ट्रियस्तरको बीमा सेवा प्रदान गरीनेछ ।<br>• मध्यस्थकर्ताको रूपमा रहेको तेश्रो पक्ष सहजकर्ता विकास सम्बन्धी कानूनी व्यवस्था गरी लागू गरीनेछ ।<br>• कृषि तथा पशुपन्छी बीमा लगायतका मौसमी बीमालाई सबलिकृत गर्दै थप विस्तार गरीनेछ । निवृत्तिभरण योजना, सरकारी भवन एवम् सम्पत्तिको बीमा लगायतका बीमा सम्बन्धी अध्ययन गरी उपयुक्त व्यवस्था लागू गरीनेछ ।<br>• बीमा दावी प्रक्रिया सरलीकरण गर्न शीघ्र दावी भुक्तानी प्रणाली विकास गरीनेछ ।<br>• बीमकको लगानीयोग्य रकमलाई सुरक्षित तथा प्रतिफलमुखी क्षेत्रमा लगानी गर्ने बातावरण तयार गरीनेछ । |
| बीमा सेवाको विस्तार गरी न्यून आय भएका वर्ग लगायत सम्पूर्ण नागरीक एवम् क्षेत्रमा बीमाको पहुँच पुर्याउनका लागि उपयुक्त संयन्त्रको विकास गर्ने । | • बीमाको पहुँच पुग्न नसकेका क्षेत्र लगायत प्रत्येक स्थानीय तहमा जीवन तथा निर्जीवन बीमा कम्पनीको शाखा कार्यालय विस्तारलाई प्रवर्द्धन गरीनेछ ।<br>• स्थानीय तह तथा सामुदायिक संस्थासंगको सहकार्यमा दुर्गम तथा ग्रामीण क्षेत्रहरूमा बीमा सम्बन्धी चेतना अभिवृद्धि गरीनेछ ।<br>• स्वास्थ्य बीमालाई सबै जिल्लामा बिस्तार गरीनेछ ।<br>• दुर्गम, पिछडिएको क्षेत्र तथा न्यून आय भएका वर्गका लागि लक्षित गरी प्रोत्साहन सहितको लघुबीमा लागू गरीनेछ । |

## १.७ अपेक्षित उपलब्धि

आगामी पन्धौं योजनामा बीमा क्षेत्रको अपेक्षित उपलब्धिहरू निम्नानुसार हुने परिकल्पना गरीएको छः

- ◆ बीमा सम्बन्धी नियामक निकायको क्षमता अभिवृद्धि भएको हुने,
- ◆ न्यून आय भएका नागरीक, दुर्गम र पिछडिएका क्षेत्र लगायत हरेक स्थानीय तहसम्म बीमा सेवाको पहुँच विस्तार भएको हुने,

- जीवन बीमा र स्वास्थ्य बीमामा आबद्ध जनसंख्या ६० प्रतिशत पुगेको हुने,
- कृषि बीमाको पहुँच १० प्रतिशत कृषकमा पुगेको हुने।

## १.८ बीमा ऐन, २०७९को मूख्य व्यवस्थाहरू

बीमा ऐन,२०७९ मा जम्मा २० वटा परिक्षेद र १७२ दफा रहेको छ र ऐनका मुख्य विशेषताहरू निम्न बमोजिम रहेका छन्

**ऐनका मुख्य मुख्य विशेषता**

- साविकको बीमा समिति नेपाल बीमा प्राधिकरणमा रूपान्तरण,
- प्राधिकरणको काम कर्तव्य र अधिकार थप प्रष्ट पारिएको,
- प्राधिकरणको संचालक समितिको संरचनामा परिवर्तन; महिला संचालकको प्रतिनिधित्व अनिवार्य गरीएको,
- अध्यक्षको नियुक्ति तथा पदबाट हटाउने विधि निर्धारण गरीएको,
- अध्यक्षको काम, कर्तव्य र अधिकार प्रष्ट पारिएको,
- बीमकको संस्थापना गर्दा पुर्याउनु पर्ने रीत र पेश गर्नु पर्ने कागजात तथा विवरण उल्लेख गरीएको,
- बीमकको इजाजतपत्र हरेक वर्ष नवीकरण गर्नु नपर्ने व्यवस्था गरीएको,
- बीमकको संचालक समितिको गठन, संचालक तथा कार्यकारी प्रमुखको योग्यता, काम कर्तव्य र अधिकार उल्लेख गरीएको,
- बीमाका आधारभूत सिद्धान्तलाई आत्मसाथ गरीएको,
- नियमन सुपरीवेक्षण सम्बन्धमा छुट्टै परिच्छेद राखिएको,
- नियमन शुल्क घटाइएको,
- बीमक समस्याग्रस्त भएमा अपनाइने सुधारात्मक उपाय सम्बन्धमा व्यवस्था गरीएको,
- बीमा दावी फर्स्यौट सम्बन्धमा स्पष्ट व्यवस्था गरीएको,
- हानी नोक्सानी सम्बन्धी उजुरी गर्ने व्यवस्था थप,
- संविधानमा उल्लेख भए बमोजिम प्रदेश तहमा बीमा व्यवसाय संचालन र व्यवस्थापन सम्बन्धी व्यवस्था गरीएको,
- नियामकीय कारवाहीलाई थप स्पष्ट पारिएको: बीमक, बीमकको संस्थापक, शेयरधनी, संचालक, कार्यकारी प्रमुख, पदाधिकारी, कर्मचारी, बीमा मध्यस्थकर्ता ,
- बीमितको समेत प्राधिकरणले अनुसन्धान गर्न सक्ने,
- बीमा सम्बन्धी कसुर परिभाषित गरीएको, सरकारवादी मुद्दा हुने, अनुसन्धान नेपाल प्रहरीले गर्ने,
- बीमित हित संरक्षण कोष, बीमा विकास कोष, बीमा सूचना केन्द्र , बीमा प्रतिष्ठान स्थापना सम्बन्धी व्यवस्था गरीएको

## १.९ नेपाल बीमा प्राधिकरणबाट आ.व. २०७९/८० मा सम्पादन भएका कार्यहरुको विवरण

### १. नीति तथा कानून निर्माण तथा संशोधन

१.१ बीमा ऐन, २०७९ को कार्यान्वयनका सन्दर्भमा बीमक, सम्बन्धित निकाय, सरोकारवाला संघसंस्था र विज्ञहरुका सुझावका आधारमा बीमा नियमावली, २०८० को मस्यौदा तयार गरी संचालक समितिबाट स्वीकृत भइ नेपाल सरकार समक्ष पेश भएको।

१.२ बीमा ऐन, २०७९ को व्यवस्था अनुसार राष्ट्रिय बीमा नीति तयार गरी प्राधिकरणबाट स्वीकृत भई नेपाल सरकार समक्ष पेश भएको।

१.३ “बीमाको प्रवर्द्धनः बीमितको हित संरक्षण” भन्ने मूल विषयका साथ आगामी पाँच वर्षको दिगो लक्ष्य सहितको प्राधिकरणको दोश्रो पञ्च वर्षिय रणनीतिक योजना (Second Strategic Plan, 2023-2027) तयार गरेको।

१.४ बीमा प्राधिकरण कर्मचारी सेवा, शर्त विनियमावलीको मस्यौदा तयार गरी सञ्चालक समितिमा पेश गरेको।

१.५ बीमा व्यवसायमा सदाचारयुक्त पद्धतिलाई संस्थागत गर्ने र सदाचारितालाई बीमा व्यवसाय संचालनको अभिन्न अङ्ग बनाउने  लक्ष्यका साथ ‘सदाचार नीति , २०७९” मिति २०७९ माघ १२ गते देखि लागू गरेको।

१.६ बीमकको जोखिम मापन गर्न जोखिममा आधारित निरीक्षण (RBS) को ढाँचा (Framework) जीवन बीमा कम्पनीको लागि तयार भईसकेको र निर्जीवन बीमा कम्पनिको लागि तयारी भईरहेको।

१.७ वित्तीय लेखामान पालना भई लेखा तयार गर्ने कार्य योजना अनुरुप बीमा प्राधिकरणको वित्तीय विवरण Gap Analysis बाट (NFRS) based Financial Statements तयार गरीएको।

१.८ बीमा क्षेत्रमा प्रविधिको प्रयोग गर्दै बीमा सेवालाई सरल र छिटो तरिकाले प्रदान गर्न वेभमा आधारित सेवा प्रदायकहरुद्वारा सेवा प्रवाह गर्न वेभ एग्रिगेटर सम्बन्धी कार्यविधिको मस्यौदा तयार गरीएको।

### २. मार्गदर्शन, निर्देशिका तयार तथा संशोधन

२.१ बीमा क्षेत्रमा हुन सक्ने ठगीलाई रोकथाम गर्न साथै बीमा क्षेत्रको विभिन्न तथ्याङ्क संकलनको लागि बीमा सूचना केन्द्रको स्थापना सम्बन्धी निर्देशिका निर्माणको कार्य सुरु गरीएको।

२.२ प्रधिकरणले बीमा क्षेत्रबाट हुने लगानीलाई व्यवस्थित, लाभदायी र सुरक्षित बनाउन तथा राष्ट्रिय पूर्वाधारका क्षेत्रहरुमा लगानी गर्न बीमकको लगानी सम्बन्धी निर्देशिका जारी गरेको । जारी निर्देशिकाहरुमा ‘जीवन बीमकको लगानी निर्देशन, २०७९’, ‘निर्जीवन बीमकको लगानी निर्देशन, २०७९’, ‘पुनर्बीमकको लगानी निर्देशन,२०७९’, ‘लघुजीवन बीमकको लगानी निर्देशन, २०७९’ र ‘लघुनिर्जीवन बीमकको लगानी निर्देशन, २०७९’ रहेका छन।

२.३ बीमा क्षेत्रलाई प्रबिधि मैत्री बनाउन डिजिटल प्रणालीबाट बीमालेख जारी गर्ने सम्बन्धी मार्गदर्शनको मस्यौदा तयार भई सञ्चालक समितिमा पेश भएको।

२.४ प्राधिकरणले बीमक दर्ता तथा बीमा व्यवसाय सञ्चालन सम्बन्धी निर्देशिका, २०७३ लाई मिति २०८० साल वैशाख ३ गते संशोधन गरी ‘बीमक दर्ता तथा बीमा व्यवसाय सञ्चालन सम्बन्धी (दोस्रो संशोधन) निर्देशिका,२०८०’ जारी गरेको।

२.५ नेपाल बीमा प्राधिकरणको डिजिटलाईजेसनको लागि नेपाल बीमा प्राधिकरणको सूचना प्रविधि (IRMIS) सम्बन्धी कार्यविधिको मस्यौदा तयार गरीएको।

२.६ बीमकहरुको एयरमार्कको यथार्थ स्थिति यकिन गर्नको लागि बीमकको एयरमार्क सम्बन्धी मार्गदर्शन तयार गरीएको ।

२.७ स्वास्थ्यसंग सम्बन्धित बीमा सेवा प्रवाहमा सहजीकरणको लागि क्लिनिकल ट्रायल बीमालेखको मस्यौदा तयार गरीएको ।

२.८ बीमा सेवा बिस्तार तथा सहजिकरण साथै प्राधिकरणबाट इजाजतपत्र प्राप्त बीमकहरुको शाखा कार्यालयलाई व्यवस्थित बनाउन 'बीमकको शाखा कार्यालय सम्बन्धी निर्देशिका, २०७९' जारी भई कार्यान्वयन गरेको ।

२.९ विदेशी मुद्रा सटही सम्बन्धी व्यवस्था पारदर्शी तथा थप व्यवस्थित गर्न विदेशी मुद्रा सटही सिफारिस सम्बन्धी मार्गदर्शनको मस्यौदा तयार गरीएको ।

२.१० मोटर बीमादरलाई थप व्यवस्थित गर्न मोटर बीमादर सम्बन्धी निर्देशिका, २०७३ को मस्यौदा तयार गरीएको ।

२.११ सम्पत्ति शुद्धिकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी व्यवस्था थप व्यवस्थित गर्दै समग्र बीमा क्षेत्रको AML CFT Risk Assessment अद्यावधिक गर्न मस्यौदा तयार गरीएको ।

२.१२ बीमालेख स्विकृति प्रक्रियालाई सरलीकृत र व्यवस्थित बनाई एकरुपता कायम गर्न र नयाँ जीवन बीमालेखको विकास गर्न र बीमाको दायरा विस्तार गर्न मिति २०७९ चैत १९ मा 'जीवन बीमालेख सम्बन्धी निर्देशिका, २०७९' जारी ।

२.१३ बीमकहरुको सम्पत्ति तथा दायित्व मूल्याङ्कन गर्न र बीमितहरुको हित संरक्षण गर्न 'जीवन बीमकको बीमाङ्की मूल्याङ्कन सम्बन्धी निर्देशिका, २०७७' संशोधन गरीएको । संशोधित निर्देशिकामा बीमितको हित संरक्षण गर्नका लागि फ्युचर बोनस सम्बन्धी व्यवस्था थप गरीएको ।

२.१४ बीमा दावी उजुरीमा विवादित पक्षहरु बीच मिलापत्र गर्न सहज बनाउन बीमा दावी उजुरी सम्बन्धमा मेलमिलाप मार्गदर्शनको मस्यौदा तयार गरीएको ।

२.१५ 'बीमा दावी भुक्तानी मार्गदर्शन, २०७६'लाई समयसापेक्ष संशोधन गरी 'बीमा दावी भुक्तानी मार्गदर्शन (दोश्रो संशोधन), २०७९' जारी भएको । संशोधित निर्देशिकामा निर्जीवन तर्फ रु. दुई लाखसम्म र कृषि तथा लघुबीमा तर्फ रु. पचास हजारसम्मको दावीलाई सानो दावी मानी यथाशीघ्र फछर्यौट गर्नुपर्ने व्यवस्था गरीएको ।

२.१६ 'बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७९ (चौथो संशोधन)' जारी भएको जसमा बीमकको संस्थागत सामाजिक उत्तरदायित्व (Corporate Social Responsibility- CSR) सम्बन्धी व्यवस्था गरीएको । जसअनुसार बीमकहरुले प्रत्येक वर्षको खूद मुनाफाको एक प्रतिशत रकम छुट्याई "संस्थागत सामाजिक उत्तरदायित्व कोष' खडा गर्नुपर्ने व्यवस्था गरिएको ।

२.१७ बीमा व्यवसायको विकासका लागि समय सापेक्ष दक्ष जनशक्ति छनौट गर्न ' बीमा मध्यस्थकर्ता (अभिकर्ता) परिक्षा संचालन सम्बन्धी निर्देशिका, २०७९" जारी गरेको ।

२.१८ लघुबीमा व्यवसायको विकास, प्रवर्द्धन तथा व्यवस्थापन गरी बीमा मार्फत न्यून आय भएका वर्गको जीवन तथा सम्पत्तिको सुरक्षा गर्नका लगि 'लघुबीमा निर्देशन, २०७९' मिति २०७९ चैत १३ गते जारी ।

## ३. बीमालेख तयार तथा संशोधन

३.१ नयाँ कृषि बीमालेख तयार गरी कृषकहरुलाई कृषि बीमाको दायरामा ल्याउने उद्देश्य अनुरुप खाद्यान्न बीमालेख जारी भएको तथा चार नयाँ बीमालेखको मस्यौदा तयार गरीएको । साथै कृषि बीमालेखहरुलाई थप परिमार्जन

गर्दै कृषि बीमालाई थप व्यवसस्थित गर्न खाद्यान्न बीमलेख संशोधन भएको तथा पशुधन, पंक्षी, माछा, बीमालेख संशोधनको मस्यौदा तयार गरीएको ।

३.२ पिछडिएका तथा न्यून आय भएका वर्ग बीमाको दायरामा समावेश गराउन ५ नयाँ लघुबीमालेखहरु दुर्घटना लघुबीमालेख, सम्पत्ति लघुबीमालेख, घर लघुबीमालेख, व्यवसाय लगुबीमालेख र मोटर लघुबीमालेखको मस्यौदा तयार पारिएको ।

३.३ लघुबीमालेखहरु थप परिमार्जन गर्न दुई लघुबीमालेख दुर्घटना र सम्पत्ती बीमालेख संशोधनको मस्यौदा तयार पारिएको ।

३.४ गम्भिर तथा जटिल प्रकृतिका रोग हुन सक्ने व्यक्तिलाई बीमाको दायरामा समावेश गराउन सहज गर्न घातक रोग बीमालेखको मस्यौदा तयार पारिएको ।

३.५ नेपाल सरकारको बजेट वक्तव्यमा उल्लेख भए बमोजिम जडीबुटी खेतीका लागि नयाँ बीमालेख तयार भई बीमाको दायरा वृद्धि गर्न टिम्मुर र मेन्था बीमालेख जारी भइ सकेको र क्यामोमाइल बीमालेखको मसौदा तयार भएको ।

३.६ आवश्यकता अनुसार नयाँ प्रबिधिको प्रयोग गर्दै नयाँ प्रकारको बीमालेख तयार गर्न मोबाइल बीमालेखको मस्यौदा तयार पारिएको ।

३.७ आ.व. २०७९/८० मा यस प्राधिकरणले ११ वटा नँया जीवन बीमालेखहरुलाई स्विकृती प्रदान गरेको छ । आइएमई लाईफ इन्स्योरेन्स र एशियन लाईफ इन्स्योरेन्सले तिन-तिन, नेपाल लाईफ इन्स्योरेन्सले दुई, लाइफ इन्स्योरेन्स कर्पोरेशन नेपाल लि., मेट लाईफ (एलिको) र रिलायबल नेपाल लाईफले एक-एक गरी जम्मा ११ नँया जीवन बीमालेख प्राधिकरण बाट स्वीकृत । (अनुसूची ३३)

३.८ आ.व. २०७९/८० मा यस प्राधिकरणले १२ वटा नँया निर्जीवन बीमालेखहरुलाई स्विकृती प्रदान गरेको छ । नेको इन्स्योरेन्स, शिखर इन्स्योरेन्स र राष्ट्रिय बीमा कम्पनीको दुई-दुई र नेशनल इन्स्योरेन्स कम्पनी लिमिटेड, यूनाईटेड इन्स्योरेन्स कम्पनी (नेपाल) लिमिटेड, सगरमाथा इन्स्योरेन्स कम्पनी लिमिटेड, आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स लिमिटेड, अजोड इन्स्योरेन्स लिमिटेड र जनरल इन्स्योरेन्स कम्पनी नेपाल लिमिटेडको एक-एक गरी जम्मा १२ नँया निर्जीवन बीमालेखहरु प्राधिकरणबाट स्वीकृत भएको । (अनुसूची ३४)

## ४ बीमा सम्बन्धी जनचेतना अभिवृद्धि

बीमा सम्बन्धी जनचेतना अभिवृद्धिका लागि विभिन्न निकाय तथा सरोकारवालाहरु सँग अन्तरक्रिया कार्यक्रमहरु सञ्चालन गरीयो ।

४.१ बीमाको दायरा बिस्तार गर्न तथा सरकारको दायित्व बोध गराउन लुम्बिनी प्रदेश सरकारसंग मिति २०७९।१०।१० मा अन्तरक्रिया सम्पन्न भएको ।

४.२ बीमा सम्बन्धी जनचेतना अभिवृद्धि गर्दै बीमाको दायराभित्र सर्वसाधारणलाई ल्याउन, जनधनको बीमा गर्न प्रोत्साहन गर्न विभिन्न महानगरपालिका तथा उपमहानगरपालिकाहरुसँग छलफल तथा अन्तरक्रिया गर्ने लक्ष्यकासाथ पोखरा महानगरपालिका, बुटवल उपमहानगरपालिका र वीरगंज महानगरपालिकासंग छलफल तथा अन्तरक्रिया गरीयो ।

४.३ बीमा सम्बन्धी जनचेतना अभिवृद्धि गर्दै बीमाको दायराभित्र सर्वसाधारणलाई ल्याउन, जनधनको बीमा गर्न प्रोत्साहन गर्न विभिन्न नगरपालिका तथा गाँउपालिकाहरुसँग छलफल तथा अन्तरक्रिया गर्ने लक्ष्यकासाथ विभिन्न मितिमा ३१ न.पा.तथा गा.पा. र ४ विद्यालयहरुमा अन्तरक्रिया सम्पन्न गरीयो ।

४.४ बीमकहरुको संख्या कम गर्दै गुणस्तरीय बीमा सेवा प्रवाह हुने लक्ष्यका साथ बीमकहरु एक आपसमा गाभ्ने, गाभिने र प्राप्ति (मर्जर) सम्बन्धी छलफल तथा अन्तरक्रिया सम्पन्न गरीयो ।

४.५ बीमा क्षेत्रमा देखिएका कमी कमजोरी बारे जानकारी गर्दै बीमा क्षेत्रमा चाहिने सुधारका बारेमा आर्थिक पत्रकारसँग मिति २०७९/५/१३ मा छलफल तथा अन्तरक्रिया सम्पन्न ।

४.६ बीमा क्षेत्रमा आइपर्ने घटना, दावी उजुरीका सम्बन्धमा देखिएका कमी–कमजोरी तथा अनुसन्धान बारे जानकारी प्रदान तथा समनवयका लागि नेपाल प्रहरीसँग छलफल तथा अन्तरक्रिया मिति २०७९/५/४ मा सम्पन्न ।

४.७ बीमा क्षेत्रमा देखिएका कमी–कमजोरीहरुलाई सुधार गर्दै नीति निर्माणमा सहयोग हुने सोचका साथ बीमकको अध्यक्ष तथा संचालकहरुसँग मिति २०७९/७/२० मा १ अन्तरक्रिया सम्पन्न ।

४.८ बीमा क्षेत्रमा देखिएका कमी–कमजोरीहरुलाई सुधार गर्दै नीति निर्माणमा सहयोग हुने सोचका साथ बीमकको अध्यक्ष तथा संचालकहरुसँग मिति २०७९/४/२०, २०७९/०६/१२, २०७९/९/१४, २०७९/०९/२६ र २०७९/११/१९ गरी ५ अन्तरक्रिया सम्पन्न ।

४.९ बीमकको सफ्टवेयर रिपोर्टिङ्गबाट देखिएका कमी–कमजोरीमा सुधार गर्न र सम्पत्ति शुद्धिकरण सहजिकरण र आतङ्कवाद क्रियाकलापमा वित्तीय लगानीको जोखिम कम गर्न Go AML सम्बन्धी छलफल तथा अन्तरक्रिया मिति २०७९/९/१४ मा सम्पन्न ।

४.१० कृषि मन्त्रालय, कृषक लगायत सरोकारवालाहरुसँग कृषि बीमा क्षेत्रमा सुधार गर्न सरोकारवालाहरुसंग कृषि, पशुपंक्षी तथा जडिबुटी बीमा सम्बन्धी छलफल तथा अन्तरक्रिया Insurance Institute of Nepal (IIN) मा सम्पन्न ।

४.११ Risk Based capital लागू गर्न सहजिकरण गर्न Risk Based capital सम्बन्धी छलफल तथा अन्तरक्रिया Insurance Institute of Nepal (IIN) मा सम्पन्न ।

४.१२ बीमकको जोखिमलाई समयमा नै पहिचान भई सुधारको उपाय अवलम्बन गर्न Risk Based Supervision सम्बन्धी छलफल तथा अन्तरक्रिया Insurance Institute of Nepal (IIN) मा सम्पन्न ।

४.१३ बीमाको क्षेत्रलाई थप प्रविधिमैत्री बनाउँन बीमकको IT तथा IT Audit सम्बन्धी छलफल तथा अन्तरक्रिया Insurance Institute of Nepal (IIN) मा सम्पन्न ।

४.१४ बीमा क्षेत्रको विकासमा सहयोग विषयमा उद्योग वाणिज्य, चेम्बर तथा सरोकारवालाहरुसँग मिति २०७९।१०।१० मा बुटवलमा छलफल तथा अन्तरक्रिया सम्पन्न ।

४.१५ इन्जिनियरिङ्ग बीमामा आएका समस्या तथा चुनौतिका सम्बन्धमा सरोकारवालाहरुसँग छलफल तथा अन्तरक्रिया सम्पन्न ।

४.१६ बीमाको प्रचार–प्रसारका लागि विभिन्न स्थानमा डिजिटल होर्डिङ बोर्ड राख्ने कार्य योजना अनुरुप केन्द्रीय कार्यालयमा एउटा डिजिटल बोर्ड राखिएको ।

४.१७ नेपाल बीमा प्राधिकरणद्वारा २०८० जेठ २५ देखि २७ गते सम्म काठमाडौंमा बीमा सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन आयोजना गरेको । अन्तर्राष्ट्रिय मापदण्डको आधारमा बीमा सेवा प्रवाह हुने तथा एक आपसमा ज्ञान प्रविधिको हस्तान्तरण हुने उद्देश्यका साथ सो सम्मेलन सञ्चालन गरीएको । अन्तर्राष्ट्रिय बीमा नियमनकारी निकाय (International Association of Insurance Supervisors, IAIS) तथा Asian Development Bank (ADB) र Access to Insurance Initiative (A2II) उक्त सम्मेलननको सह आयोजकका रुपमा रहेका थए ।

४.१८ बीमाको जनचेतना अभिवृद्धि भई बीमाको दायरा बिस्तार गर्न निरन्तर रेडियो र टेलिभिजनमा कार्यक्रम निर्माण गरी प्रशारण भइरहेको ।

## ५. बीमा सम्बन्धी विषयहरुमा अध्ययन र अनुसन्धान

५.१ Risk Based Capital and Solvency सम्बन्धी निर्देशिका कार्यान्वयन गर्न समितिको विद्यमान कानून संशोधन गर्ने सम्बन्धमा Gap Analysis गरेको ।

५.२ पूनर्बीमा क्षेत्रमा भएका विद्यमान समस्या, चुनौती तथा समाधानका उपायहरुको पहिचान गर्न पुनर्बीमा सम्बन्धी अध्ययन सम्पन्न ।

५.३ बीमा क्षेत्रमा RBS लागू गर्न एक जीवन तथा एक निर्जीवन बीमा कम्पनीमा pilot test गरेको ।

## ६. मर्जर तथा एक्विजिशन

६.१ प्राधिकरणले बीमा कम्पनीहरुको चुक्ता पूँजी वृद्धिको निर्णय गरे पश्चात चुक्तापूँजी पुर्याउनका लागि यही आ.व. मा १२ वटा निर्जीवन बीमा कम्पनी मर्ज भई ६ वटा भएका छन् । यससँगै हाल निर्जीवन बीमा व्यवसाय गर्ने बीमा कम्पनीहरुको संख्या १४ पुगेको छ ।

**तालिका नं. २**

**आ.व. २०७९/८० मा मर्जरमा गएका निर्जीवन बीमा कम्पनीहरुको विवरण**

| क्र.सं. | मर्जरमा गएका निर्जीवन बीमा कम्पनीहरु | मर्जरपछि बनेका निर्जीवन बीमा कम्पनी | संयुक्त कारोबार शुरु मिति |
|---|---|---|---|
| १ | हिमालयन जनरल इन्स्योरेन्स कम्पनी लि.<br>एभरेष्ट इन्स्योरेन्स कम्पनी लि. | हिमालयन एभरेष्ट इन्स्योरेन्स कम्पनी लि. | ०४/०१/२०७९ |
| २ | सानिमा जनरल इन्स्योरेन्स कम्पनी लि.<br>जनरल इन्स्योरेन्स (नेपाल) कम्पनी लि. | सानिमा जीआईसी इन्स्योरेन्स कम्पनी लि. | ०७/१४/२०७९ |
| ३ | प्रिमियर इन्स्योरेन्स कम्पनी लि.<br>सिद्धार्थ इन्स्योरेन्स कम्पनी लि. | सिद्धार्थ प्रिमियर इन्स्योरेन्स कम्पनी लि. | ११/१७/२०७९ |
| ४ | सगरमाथा इन्स्योरेन्स कम्पनी लि.<br>लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी लि. | सगरमाथा लुम्बिनी इन्योरेन्स कम्पनी लि. | ११/२९/२०७९ |
| ५ | आइएमई जनरल इन्स्योरेन्स कम्पनी लि.<br>प्रुडेन्सियल इन्स्योरेन्स कम्पनी लि. | आइएमई प्रुडेन्सियल इन्स्योरेन्स कम्पनी लि. | ०१/२७/२०८० |
| ६ | यूनाईटेड इन्स्योरेन्स कम्पनी लि.<br>अजोड इन्स्योरेन्स लि. | यूनाइटेड अजोड इन्स्योरेन्स कम्पनी लि. | ०२/१४/२०८० |

६.२ प्राधिकरणले बीमा कम्पनीहरुको चुक्ता पूँजी वृद्धिको निर्णय गरे पश्चात चुक्तापूँजी पुर्याउनका लागि यही आ.व. मा ९ वटा जीवन बीमा कम्पनी मर्ज भई ४ वटा भएका छन् । यससँगै हाल जीवन बीमा व्यवसाय गर्ने बीमा कम्पनीहरुको संख्या १४ पुगेको छ ।

**तालिका नं. ३**

**आ.व. २०७९/८० मा मर्जरमा गएका जीवन बीमा कम्पनीहरुको विवरण**

| क्र.सं. | मर्जरमा गएका जीवन बीमा कम्पनीहरु | मर्जरपछि बनेका जीवन बीमा कम्पनी | संयुक्त कारोबार शुरु मिति |
|---|---|---|---|
| १ | सूर्या लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड<br>ज्योती लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | सूर्यज्योति लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड | ०८/१५/२०७९ |
| २ | रिलायन्स लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड<br>सानिमा लाइफ इन्स्योरेन्स लिमिटेड | सानिमा रिलायन्स लाईफ इन्स्योरेन्स लिमिटेड | १२/०९/२०७९ |
| ३ | प्राइम लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड<br>यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड<br>गुराँस  लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड | हिमालयन लाईफ इन्स्योरेन्स लिमिटेड | ०१/२६/२०७९ |
| ४ | प्रभु लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड<br>महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेड | प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | ०३/२९/२०८० |

## ७. लघुबीमा कम्पनी स्थापना

७.१ न्युन आय भएका वर्ग र पिछडिएका क्षेत्रलाई लक्षित गरी लघुबीमा व्यवसाय गर्न हरेक प्रदेशमा एक एकवटा गरी सातवटा लघुबीमा कम्पनी स्थापनाका लागि प्राधिकरणले सैद्धान्तिक स्विकृति प्रदान गरेको । स्विकृति प्राप्त गर्ने कम्पनीहरुमा तिन लघु जीवन बीमा कम्पनी र चारवटा लघु निर्जीवन बीमा कम्पनी रहेका छन् ।

७.२ सैद्धान्तिक स्विकृति प्राप्त गरेका सात कम्पनी मध्ये चारवटा (दुई लघु जीवन र दुई लघु निर्जीवन) कम्पनीले यस आ.व. मा कारोबार सुरु गरेका छन् ।

**तालिका नं. ४**

**आ.व. २०७९/८०मा स्थापना भएका लघुबीमकहरुको विवरण**

| क्र.सं. | कम्पनीको नाम | ठेगाना | स्वामित्व | दर्ता मिति |
|---|---|---|---|---|
| १. | नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लिमिटेड | भरतपुर, चितवन | निजी | १२/२७/२०७९ |
| २. | गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड | बिराटनगर, मोरङ | निजी | १२/२७/२०७९ |
| ३. | प्रोटेक्टिभ इन्स्योरेन्स कम्पनी लिमिटेड | धनगढी, कैलाली | निजी | १२/२८/२०७९ |
| ४. | क्रेष्ट माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड | वीरेन्द्रनगर, सुरखेत | निजी | १२/२८/२०७९ |

## ८. बीमकहरुको स्थलगत निरीक्षण

८.१ बीमकहरुबीच स्वस्थ्य प्रतिस्पर्धाको वातावरण बनाई बीमा व्यवसायको विकास तथा विस्तार गर्दै बीमितको हित संरक्षण तथा बीमकमा सुशासन कायम गर्न प्राधिकरणले नियमित रुपमा बीमकहरुको स्थलगत निरीक्षण गर्ने गरेको छ । यस आ.व. मा पनि १० वटा जीवन बीमकको नियमित स्थलगत निरीक्षण र ९ वटा जीवन बीमकको आकस्मिक निरीक्षण गरीयो ।

८.२ त्यस्तै ११ वटा निर्जीवन बीमकहरुको नियमित स्थलगत निरीक्षण र ५ वटा निर्जीवन बीमकहरुको आकस्मिक निरीक्षण गरीयो साथै दुबै पुनर्बीमा कम्पनीहरुको पनि स्थलगत निरीक्षण गरीयो । स्थलगत निरीक्षण गरीएका जीवन तथा निर्जीवन बीमकहरुको विवरण अनुसूचि २३ र २४ मा समावेश गरीएको छ ।

## ९. प्रदेश कार्यालयहरुको स्थापना

९.१ प्रधिकरणले चालू आ.व. मा थप तीन प्रदेसमा समेत प्रदेश कार्यालयहरु स्थापना गरेसँगै देशमा छवटा प्रदेशमा प्राधिकरणका प्रदेशिक कार्यालयहरु स्थापना भएका छन् ।

**तालिका नं. ५**

**प्राधिकणका प्रादेशिक कार्यालयहरुको विवरण**

| क्र.सं. | प्रदेश | ठेगाना |
|---|---|---|
| १ | कोशी प्रदेश | बिराटनगर म.न.पा. - २, मोरङ |
| २ | मधेश प्रदेश | आदर्शनगर न.पा.- १०, बीरगञ्ज |
| ३ | गण्डकी प्रदेश | पोखरा म.न.पा. - १२, कास्कि |
| ४ | लुम्बिनी प्रदेश | बुटवल उ.म.न.पा. - ११, रुपन्देही |
| ५ | कर्णाली प्रदेश | वीरेन्द्रनगर न.पा. - ८, सुर्खेत |
| ६ | सुदुरपश्चिम प्रदेश | धनगढी उ.म.न.पा. - १, कैलाली |

## १०. गुनासो तथा मुद्दा

१०.१ यसै आ.व. बाट प्राधिकरणले बीमा सम्बन्धी जनगुनासाहरुलाई प्रभावकारीरुपले सम्बोधन गर्नको लागि प्राधिकरणको केन्द्रीय कार्यालय, कुपण्डोल, ललितपुरमा गुनासो सुन्ने अधिकारीको व्यवस्था गरेको ।

१०.२ प्राधिकरणले बीमितले बीमकविरुद्ध प्राधिकरणमा दर्ता भएका मुद्दाहरुको प्राथमिकताका साथ फछर्यौट गर्दै आएको छ । आ.व. २०७९/८० मा नँया निवेदन दर्ता संख्या १५५ रह्यो । जसमा १०४ वटा मुद्दा निर्जीवन बीमा कम्पनी विरुद्ध परेको थियो भने ५१ वटा जीवन बीमा कम्पनी विरुद्ध परेको थियो । पुरानो वर्षको बाँकी निवेदन संख्या १८६ गरेर जम्मा ३४१ वटा मुद्दा थियो । ९३ वटा मुद्दाको फैसला भएको र ५६ वटा मुद्दामा सहमति हुदा १४९ मुद्दा फछर्यौट भएको देखिन्छ र १९२ मुद्दाको कारबाही बाँकी देखिन्छ । (थप विवरण अनुसूची २९ र ३० मा रहेको छ)

## ११. प्रधिकरणले स्विकृति प्रदान गरेको बीमकहरुको वित्तीय विवरणको अवस्था

११.१ हाल सम्ममा एघार वटा जीवन बीमकहरुले अघिल्लो आ.व. २०७८/७९ को वित्तीय विवरण प्राधिकरणमा स्विकृतिको लागि पेश गरेका नौवटा बीमकहरुको वित्तीय विवरण स्वीकृत भएको । बाँकी जीवन बीमकहरुको आ.व. २०७८/७९को वित्तीय विवरण पेश हुन बाँकि र राष्ट्रिय बीमा संस्थानको भने आ.व. २०६८/६९ सम्मको मात्र वित्तीय विवरण स्वीकृत भएको छ । (थप विवरण अनुसूची ३१ मा रहेको छ)

११.२ राष्ट्रिय बीमा कम्पनी बाहेक सम्पुर्ण नीर्जीवन बीमकहरुको आ.व. २०७८/७९ को वित्तीय विवरण प्राधिकरण बाट स्वीकृत भएको । राष्ट्रिय बीमा कम्पनीको आ.व. २०७२/७३ सम्मको वित्तीय विवरण स्वीकृत भएको । त्यस्तै

दुवै पुनर्बीमकहरुको पनी आ.व. २०७८/७९ को वित्तीय विवरण स्वीकृत भइसकेको । (थप विवरण अनुसूची ३२ मा रहेको छ)

## १२.नेपाल बीमा प्रधिकरणको प्रादेशिक कार्यालयबाट सम्पन्न भएका कार्यहरू:

आ.व. २०७९/८० मा नेपाल बीमा प्रधिकरणको छ वटा प्रदेशमा प्रादेशिक कार्यालयहरू सञ्चालनमा आईसकेको अवस्था रहेको छ । बागमती प्रदेशको बीमा क्षेत्र सम्बन्धीत कार्य केन्द्रिय कार्यालयबाट हुने गरी बाँकी सम्पूर्ण प्रदेशहरूमा प्राधिकरणको छुट्टा छुट्टै कार्यालय सञ्चालनमा आई निम्न कार्यहरू सम्पन्न भएको छः

### १२.१ कोशी प्रदेश

आ.व. २०७९/८०मा कोशी प्रदेश स्थीत प्राधिकरणको प्रदेश कार्यालय स्थापनाको पहिलो वर्षमा नै सो प्रदेशमा १४ वटा स्थानिय तह लगायत निर्जीवन बीमा कम्पनीहरू, जीवन बीमा कम्पनीहरू, उद्योग व्यवसाय प्रहरीहरू, बीमा सर्भेयर तथा बीमा अभिकर्ताहरूसँग एक एक वटा अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न भएको छ । प्राधिकरणको कोशी प्रदेश कार्यालयबाट जम्मा ४ वटा जीवन बीमकहरूमा स्थलगत निरीक्षण भएको थियो भने ३ निर्जीवन बीमकहरूमा स्थलगत निरीक्षणको कार्य सम्पन्न भएको थियो । तालिम सञ्चालन संख्या दुई रहेको थियो भने २४ वटा उजुरी सम्बन्धी कार्य समेत कोशी प्रदेश कार्यालयबाट भएको देखिन्छ ।

### १२.२ मधेश प्रदेश

मधेश प्रदेश स्थीत प्राधिकरणको प्रदेश कार्यालय स्थापना लगतै आ.व. २०७९/८० मा सो प्रदेशमा १५ वटा स्थानीय तह लगायत निर्जीवन बीमा कम्पनीहरू, जीवन बीमा कम्पनीहरू, उद्योग व्यवसाय, प्रहरी, वित्तीय क्षेत्रको कार्यालय प्रमुख, बीमा सर्भेयर तथा बीमा अभिकर्ताहरूसँग एक एक वटा अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न भएको छ । प्राधिकरणको मधेश प्रदेश कार्यालयबाट जम्मा ७ वटा जीवन बीमकहरूमा स्थलगत निरीक्षण भएको थियो भने ३३ निर्जीवन बीमकहरूमा स्थलगत निरीक्षणको कार्य सम्पन्न भएको थियो । तालिम सञ्चालन संख्या दुई रहेको थियो भने १५ वटा उजुरी सम्बन्धी कार्य समेत मधेश प्रदेश कार्यालयबाट भएको देखिन्छ ।

साथै, मधेश प्रदेश सरकार समक्ष आ.व.२०८०/८१ को बजेटमा बीमालाई समेट्नका लागि पेश गरेको सुझावहरु तथा भेटघाट छलफलबाट मधेश प्रदेश सरकारले आ.व.२०८०/८१ को विनियोजित बजेटमा मधेश प्रदेशका सम्पूर्ण नागरीकहरुको रु २ लाख बराबरको विपद जोखिम बीमा गर्ने र प्रदेश सरकार अन्तर्गतका सम्पूर्ण निजामती कर्मचारीहरुको रु १० लाख बराबरको दुर्घटना बीमा गर्ने । साथै, मधेश प्रदेश सरकारले आ.व.२०८०/८१को बजेटमा कृषि तथा पशुपन्छी बीमा कार्यक्रमलाई व्यापक रुपमा विस्तारलाई प्राथमिकतामा राखेको छ।

### १२.३ गण्ढकी प्रदेश

आ.व. २०७९/८०मा गण्ढकी प्रदेश स्थीत प्राधिकरणको प्रदेश कार्यालय स्थापनाको पहिलो वर्षमा नै सो प्रदेशमा १५ वटा स्थानीय तह लगायत निर्जीवन बीमा कम्पनीहरू, जीवन बीमा कम्पनीहरू, उद्योग व्यवसाय लगायत बीमा सर्भेयर तथा बीमा अभिकर्ताहरूसँग एक एक वटा अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न भएको छ । प्राधिकरणको गण्ढकी प्रदेश कार्यालयबाट जम्मा ४ वटा जीवन बीमकहरूमा स्थलगत निरीक्षण भएको थियो भने ४ निर्जीवन बीमकहरूमा स्थलगत निरीक्षणको कार्य सम्पन्न भएको थियो । तालिम सञ्चालन संख्या दुई रहेको थियो भने ३ वटा उजुरी सम्बन्धी कार्य समेत गण्ढकी प्रदेश कार्यालयबाट भएको देखिन्छ । साथै, यस आ.व.मा कृषि तथा पशुपन्छीबीमामा गण्डकी प्रदेश सरकारबाट थप २० प्रतिशत अनुदानको व्यवस्था रहेको छ ।

### १२.४ लुम्बिनी प्रदेश

आ.व. २०७९/८०मा लुम्बिनी प्रदेश स्थीत प्राधिकरणको प्रदेश कार्यालय स्थापनाको पहिलो वर्षमा नै सो प्रदेशमा

१३ वटा स्थानीय तह लगायत निर्जीवन बीमा कम्पनीहरू, जीवन बीमा कम्पनीहरू, उद्योग व्यवसाय लगायत बीमा सर्भेयर तथा बीमा अभिकर्ताहरूसँग एक एक वटा अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न भएको छ। प्राधिकरणको लुम्बिनी प्रदेश कार्यालयबाट जम्मा २ वटा जीवन बीमकहरूमा स्थलगत निरीक्षण भएको थियो भने ४ निर्जीवन बीमकहरूमा स्थलगत निरीक्षणको कार्य सम्पन्न भएको थियो र १७ वटा उजुरी सम्बन्धी कार्य समेत लुम्बिनी प्रदेश कार्यालयबाट भएको देखिन्छ।

### १२.५ कर्णाली प्रदेश

कर्णाली प्रदेश स्थीत प्राधिकरणको प्रदेश कार्यालय स्थापना लगतै सो प्रदेशमा आ.व. २०७९/८०मा १५ वटा स्थानीय तह लगायत प्रदेश सरकार निर्जीवन बीमा कम्पनीहरूसँग १० वटा कार्यक्रम, जीवन बीमा कम्पनीहरूसँग ८ वटा कार्यक्रमहरु, प्रहरी, उद्योग व्यवसाय लगायत बीमा सर्भेयर तथा बीमा अभिकर्ताहरूसँग एक एक वटा अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न भएको छ। प्राधिकरणको कर्णाली प्रदेश कार्यालयबाट जम्मा १० वटा जीवन बीमकहरूमा स्थलगत निरीक्षण भएको थियो भने ८ निर्जीवन बीमकहरूमा स्थलगत निरीक्षणको कार्य सम्पन्न भएको थियो। तालिम सञ्चालन संख्या दुई रहेको थियो भने ३१ वटा उजुरी सम्बन्धी कार्य समेत कर्णाली प्रदेश कार्यालयबाट भएको देखिन्छ।

साथै, कार्यलयको पहलबाट सो आ.व.मा कर्णाली प्रदेश सरकारद्वारा निम्नकार्यहरू बजेटमा समेटिएको थियोः

**बुँदा नं.** १११. बालिकाहरुको कम्तिमा स्नातक तहसम्मको अध्ययन सुनिश्चत गर्न बैङ्क खाता छोरीकोः सुरक्षा जीवन भरीको कार्यक्रमलाई परिमार्जन गरी छोरीहरुको जीवन बीमा गर्ने व्यवस्था मिलाईनेछ। यसको लागि रु. २५ करोड विनियोजन गरेको छु।

**बुँदा नं.** १९१. सम्पुर्ण कर्णालीवासी, राष्ट्रसेवक र गैरसरकारी सङ्घसंस्थामा कार्यरत कर्मचारीको सामुहिक विपद् जोखिम दुर्घटना बीमा कार्यक्रमलाई निरन्तरता दिएको छु।

**बुँदा नं.** १९२. आगामी आर्थिक वर्षदेखी विपद् बाट हुन सक्ने सम्भावित जोखिम हस्तान्तरण गर्न सरकारी बीमा कम्पनी मार्फत कर्णाली प्रदेशभित्रका घरहरुको बीमा गरीनेछ। यसका लागि रु. ५ करोड विनियोजन गरेको छु।

**बुँदा नं.** २१०. कर्णाली प्रदेशभित्र बीमा व्यवसाय सञ्चालन, व्यवस्थापन र बीमा पहुँच वृद्धिको लागि आवश्यक कानुन तर्जुमा गरीनेछ।

### १२.६ सुदुर पश्चिम प्रदेश

सुदुर पश्चिम प्रदेश स्थीत प्राधिकरणको प्रदेश कार्यालय स्थापना लगतै सो प्रदेशमा आ.व. २०७९/८०मा १३ वटा स्थानीय तह लगायत बीमा अभिकर्ताहरूसँग एउटा अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न भएको छ। प्राधिकरणको सुदुर पश्चिम कार्यालयबाट ५ निर्जीवन बीमकहरूमा स्थलगत निरीक्षणको कार्य सम्पन्न भएको थियो भने २० वटा उजुरी सम्बन्धी कार्य समेत कार्यालयबाट भएको थियो।

समग्रमा प्रधिकरणको प्रादेशिक कार्यालयको स्थपना पश्चात बीमाक्षेत्रमा थप नियमन, सहजिकरण, जनचेतना र उपस्थिति जनाएको देखिन्छ। (थप विवरण अनुसूची २५ मा रहेको छ)

भाग-२

# विश्व अर्थतन्त्र

## २.१ विश्व आर्थिक वृद्धिदर

**तालिका न. ६**

**विश्वको आर्थिक वृद्धिदर (प्रतिशतमा)**

| क्र. सं. | विवरण | २०२१ | २०२२ | २०२३* |
|---|---|---|---|---|
| १. | विश्व अर्थ तन्त्र | ६.३ | ३.५ | ३.० |
| २. | विकसित अर्थतन्त्र | ५.४ | २.७ | १.५ |
| ३. | उदीयमान तथा विकासशील अर्थतन्त्र | ६.८ | ४.० | ४.० |
| ४. | उदीयमान तथा विकासशील एशिया | ७.५ | ४.५ | ५.३ |
| ५. | उदीयमान तथा विकासशील युरोप | ७.३ | ०.८ | १.८ |
| ६. | मध्यपूर्व तथा मध्य एशिया | ४.४ | ५.४ | २.५ |
| ७. | न्यून आय विकासशील अर्थतन्त्र | ४.१ | ५.० | ४.५ |

*(श्रोतः अन्तरार्ष्ट्रिय मुद्रा कोष, जुलाई २०२३ ) *प्रक्षेपण*

कोभिड-१९ महामारीको प्रभावबाट विश्व अर्थतन्त्र क्रमिक रुपमा सुधार हुदै गएको छ । कोभिड-१९ बिरुद्धको खोपको उलपब्धता र अधिकांश मुलुकले अवलम्बन गरेको सन्तुलित आर्थिक नीतिका कारण विश्व अर्थतन्त्र क्रमशः चलायमान हुँदै गर्दा आर्थिक गतिविधि लयमा फर्कदै गइरहेको थियो । सन् २०२२ मा रुस-युक्रेन युद्धबाट विश्वको अर्थतन्त्र गम्भिर रुपमा प्रभावित भयो। सन् २०२१ मा उत्साहजनक (६.३ प्रतिशत) रुपमा विस्तार भएको विश्व अर्थतन्त्र सन् २०२२ मा भने सुस्त गतिमा (३.५ प्रतिशत) बढेको छ र यो शिलशिला २०२३ मा पनि कायम हुने प्रक्षेपण गरीएको छ । सन् २०२३ मा विकसित मुलुकहरुको पनि आर्थिक वृद्धिदरमा कमि आउने प्रक्षेपण छ । सन् २०२१ मा विकसित अर्थतन्त्र भएका मुलुकहरुको आर्थिक वृद्धिदर ५.४ प्रतिशत थियो र सन् २०२२ मा यो घटेर २.७ प्रतिशतमा झरेको छ जुन २०२३ मा घटेर १.५ प्रतिशत पुग्ने प्रक्षेपण गरीएको छ। उदियमान तथा विकासशील एशिया क्षेत्रको भने २०२३ मा वृद्धिदरमा सुधार आई ५.३ प्रतिशत कायम रहने प्रक्षेपण गरीएको छ। यस क्षेत्रमा २०२१ मा उत्साहजनक ७.५ प्रतिशतको आर्थिक वृद्धि रह्यो तर सन् २०२२ मा सो वृद्धिदर घटेर ४.५ प्रतिशतमा कायम रह्यो। उदीयमान तथा विकासशील यूरोप क्षेत्रको सन् २०२१ मा ७.३ प्रतिशतले वृद्धि भएकोमा २०२२ मा उल्लेख्य ह्रास भएर ०.८ मात्र रह्यो र सन्२०२३ मा पनि न्यून मात्रामा वृद्धि भएर १.८ प्रतिशत रहने प्रक्षेपण छ। मध्यपूर्व तथा एशिया क्षेत्रमा पनि सन् २०२३ मा आर्थिक वृद्धिमा कमि आउने प्रक्षेपण छ। त्यसै गरी न्यून आय भएका विकासशील अर्थतन्त्रहरुको भने २०२२ मा न्यून वृद्धि भएर ४.१ प्रतिशत बाट ५.० प्रतिशत पुगेको छ भने सन् २०२३ मा न्यून दरमा घटेर ४.५ प्रतिशत कायम रहने प्रक्षेपण छ। समग्र विश्व लगायतको आर्थिक वृद्धिदरलाई तालिका नं. ६ मा देखाइएको छ।

## २.२ दक्षिण एशियाली तथा छिमेकी मुलुकहरुको आर्थिक वृद्धिदर

विश्व आर्थिक गतिविधिमा आएको सुस्तताको प्रभाव दक्षिण एशियाली मुलुकहरुको आर्थिक वृद्धिमा समेत परेको छ। सन् २०२१ को तुलनामा २०२२ मा एशियाली मुलुकहरुमा उल्लेख्य वृद्धि भएको देखिदैन। सन् २०२२ मा उच्च दरले सङ्कुचन भएको श्रीलङ्काको अर्थतन्त्र सन् २०२३ मा पनि ३ .० प्रतिशतले सङ्कुचन हुने प्रक्षेपण रहेको छ। सन् २०२२ मा नेपालको आर्थिक वृद्धि ५.८ प्रतिशत रहेकोमा सन् २०२३ मा ४.१ मात्र हुने प्रक्षेपण छ। सन् २०२२ मा बंगलादेश, भुटान र पाकिस्तानको आर्थिक वृद्धिदर झिनो अंकले सुधार भएको देखिन्छ। एशिया क्षेत्रका दुई ठूला अर्थतन्त्र भारत र चीनको लागि भने सन् २०२२ सुखद भएन। दुवै अर्थतन्त्रको आर्थिक वृद्धि अघिल्लो वर्षको तुलनामा घटेको पाइयो। भारतले २०२१ मा ९.१ प्रतिशतको वृद्धि हासिल गरेको थियो भने २०२२ मा घटेर ६.८ रहेको छ। त्यसैगरी २०२३ मा पनि झिनो अंकले घटेर ६.४ हुने प्रक्षेपण छ। चीन भने ८.४ प्रतिशतको वृद्धिदरबाट घटेर २०२२ मा ३ प्रतिशतमा रह्यो तर २०२३ मा सुधार गरी ५  प्रतिशत हुने प्रक्षेपण छ। माल्दिभ्सको सन् २०२१ मा ४१.७ प्रतिशतले आर्थिक वृद्धि भएको पाइयो। तर सन् २०२२ मा सो वृद्धिदर कायम गर्न असमर्थ रहदा सो दर घटेर १२.३ प्रतिशतमा कायम रह्यो र २०२३ मा अझ घटेर ७.१ प्रतिशत रहने प्रक्षेपण छ।

**तालिका नं. ७**

**नेपाल लगायत छिमेकी मुलुकहरुको आर्थिक वृद्धि (प्रतिशतमा)**

| क्र.सं. | विवरण | २०२१ | २०२२ | २०२३* | २०२४* |
|---|---|---|---|---|---|
| १ | बंगलादेश | ६.९ | ७.१ | ५.३ | ६.५ |
| २. | भुटान | ४.१ | ४.७ | ४.६ | ४.२ |
| ३ | भारत | ९.१ | ६.८ | ६.४ | ६.७ |
| ४. | माल्दिभ्स | ४१.७ | १२.३ | ७.१ | ६.९ |
| ५ | नेपाल | ४.२ | ५.८ | ४.१ | ५. |
| ६. | श्रीलंका | ३.५ | -७.८ | -३. | १.३ |
| ७ | पाकिस्तान | ५.७ | ६. | ०.६ | २. |
| ८. | अफगानिस्तान | -२०.७ | - | - | - |
| ९ | चीन | ८.४ | ३. | ५. | ४.५ |

*(श्रोतः एशियन डेभेलपमेन्ट आउटलुक, अप्रिल २०२३) *प्रक्षेपण*

*नोटः आफ्गानिस्तानको सन्२०२१ देखि ADB ले प्रक्षेपण नगरेको।*

## २.३ विश्व बीमा बजार

**तालिका नं. ८**
**विश्वको बीमाशुल्क आम्दानी**

*(अमेरिकी डलर अर्बमा)*

| क्षेत्र | बीमाशुल्क संकलन (अमेरीकी डलर अर्बमा) | | वृद्धि * | | विश्व बीमा बजारको अंश | कूल गार्हस्थ्य उत्पादनमा कूल बीमाशुल्को अनुपात (%) |
|---|---|---|---|---|---|---|
| | २०२२ | २०२१ | २०२२ | २०२१ | २०२२ | २०२२ |
| अमेरिकी महादेश | ३,३००.७३ | ३,०४०.९३ | ०.७० | ३.६० | ४८.७० | ९.९० |
| युरोप, मध्य पूर्व र अफ्रिका | १,७५६.५३ | १,९०६.२८ | -४.८० | ६.६० | २५.९० | ५.१० |
| एशिया प्रशान्त | १,७२४.९७ | १,८१७.४९ | -०.१० | ०.२० | २५.४० | ५.०० |
| **विश्व** | **६,७८२.२३** | **६,७६४.६९** | **-१.१०** | **३.४०** | **१००.००** | **६.८०** |

*श्रोतः Sigma No 3-2023, SwissRe, * मुद्रास्फिति समायोजित*

सन् २०२१ को तुलनामा सन् २०२२ मा विश्व बीमा बजार केही बढेको जस्तो देखिए पनि मुद्रस्फिति समायोजित कूल बीमाशुल्कको तथ्याङ्क हेर्दा १.१० प्रतिशत नकारात्मक देखिन्छ। सन् २०२१ मा विश्व बीमा बजारमा अमेरिकी डलर ६७ खर्ब ६४ अर्ब६९ करोड बराबरको बीमाशुल्क संकलन भएको देखिन्छ, जसमा अमेरिकी महादेशमा अमेरिकी डलर ३० खर्ब ४० अर्ब९३ करोड, युरोप, मध्यपुर्व र अफ्रिका क्षेत्रमा अमेरिकी डलर १९ खर्ब ६ अर्ब२८ करोड र एशिया प्रशान्त क्षेत्रमा अमेरिकी डलर १८ खर्ब १७ अर्ब४९ करोड बराबरको बीमाशुल्क संकलन भएको छ। सन् २०२२ मा विश्व बीमा बजारमा झिनो वृद्धि भएर अमेरिकी डलर ३७ खर्ब ८२ अर्ब२३ करोड बराबरको कूल बीमाशुल्क संकलन भएको देखिन्छ। अमेरिकी महादेशमा मात्र बीमाशुल्क संकलनमा (०.७० पर्तिशत) वृद्धि भई अमेरिकी डलर ३३ खर्ब ७३ करोड बराबरको बीमाशुल्क संकलन भएको देखिन्छ। युरोप, मध्यपूर्व र अफ्रिका क्षेत्रमा ऋणात्मक ४.८० प्रतिशतले घटेर अमेरिकी डलर १७ खर्ब ५६ अर्ब५३ करोड बराबरको बीमाशुल्क संकलन भएको देखिन्छ। त्यसै गरी एशिया प्रशान्त क्षेत्रमा पनि ०.१० प्रतिशतले बीमाशुल्क संकल घटेर अमेरिकी डलर १७ खर्ब २४ अर्ब९७ करोड पुगेको देखिन्छ।

यसरी हेर्दा सन् २०२२ को विश्व बीमा बजारको करिब आधा हिस्सा (४८.७० प्रतिशत ) अमेरिकी बीमा बजारले ओगटेको देखिन्छ भने बाँकी आधा हिस्सा बराबर युरोप,मध्य पूर्व र अफ्रिका (२५.९० प्रतिशत) र एशिया प्रशन्त क्षेत्र (२५.४० प्रतिशत) ले ओगटेको देखिन्छ।

त्यसै गरी सन् २०२२ मा अमेरिकी महादेशको कूल गार्हस्थ्य उत्पादनमा कूल बीमाशुल्कको योगदान ९.९० प्रतिशत, युरोप, मध्य पूर्व र अफ्रिका क्षेत्रको कूल गार्हस्थ्य उत्पादनमा कूल बीमाशुल्कको योगदान ५.१० प्रतिशत र एशिया प्रशान्त क्षेत्रको कूल गार्हस्थ्य उत्पादनमा कूल बीमाशुल्कको योगदान ५.०० प्रतिशत रहेको देखिन्छ।

## २.४ विश्व जीवन बीमा बजार

**तालिका नं. ९**
**विश्वको जीवन बीमाशुल्क आम्दानी**

*(अमेरिकी डलर अर्बमा)*

| क्षेत्र | बीमाशुल्क संकलन (अमेरीकी डलर अर्बमा) | | वृद्धि * | | विश्व बीमा बजारको अंश | कूल गार्हस्थ्य उत्पादनमा कूल जीवन बीमाशुल्को अनुपात (%) |
|---|---|---|---|---|---|---|
| | २०२२ | २०२१ | २०२२ | २०२१ | २०२२ | २०२२ |
| अमेरिकी महादेश | ८१७.५७ | ७५१.८७ | १.०० | ४.३० | २९.१० | २.५० |
| युरोप, मध्य पूर्व र अफ्रिका | ९६२.६५ | १,०७५.३३ | -७.१ | ९.८० | ३४.२० | २.९० |
| एशिया प्रशान्त | १,०३२.८१ | १,११३.०७ | -२.० | -०.१० | ३६.७० | ३.०० |
| **विश्व** | **२,८१३.०३** | **२,९४०.२७** | **-३.१** | **४.४०** | **१००.००** | **२.८०** |

*श्रोत: Sigma No 3-2023, SwissRe, * मुद्रास्फिति समायोजित*

विश्व जीवन बीमा बजारको बीमाशुल्क संकलन सन् २०२१ को तुलनामा सन् २०२२ मा घटेको देखिन्छ । सन् २०२१ मा विश्वमा जीवन बीमाशुल्क वापत अमेरिकी डलर २९ खर्ब ४० अर्ब २७ करोड बराबरको संकलन भएको थियो भने सन् २०२२ मा २८ खर्ब १३ अर्ब ३ करोड अमेरिकी डलर बराबरको जीवन बीमाशुल्क संकलन भएको थियो । सन् २०२२ मा जीवन बीमाशुल्क तर्फ अमेरिकी महादेशको ७खर्ब५१ अर्ब ८७ करोड अमेरिकी डलर बराबरको बीमाशुल्क संकलन भएको थियो, जुन सन् २०२१ को तुलनामा १.० प्रतिशत बार्षिक बृद्धि दर रहेको देखिन्छ । सन् २०२२ मा यूरोप, मध्यपूर्व र अफ्रिकाको ९खर्ब६२ अर्ब ६५ करोड अमेरीकी डलर बराबरको बीमाशुल्क संकलन भएको देखिन्छ, जुन गत वर्षको तुलनामा ७.१ प्रतिशत ऋणात्मक  दर कायम भएको देखिन्छ । त्यसै गरी एशिया प्रशान्त क्षेत्रबाट १०खर्ब ३२ अर्ब ८१ करोड अमेरीकी डलर बराबरको बीमाशुल्क संकलन भएको देखिन्छ, जुन सन् २०२१ को तुलनामा २.० प्रतिशत बार्षिक ऋणात्मक दर रहेको देखिन्छ । यसरी विश्व जीवन बीमा बजारमा सन् २०२२ मा अमेरिकी महादेशले २९.१० प्रतिशत, यूरोप, मध्यपूर्व र अफ्रिकाले ३४.२० प्रतिशत र एशिया प्रान्त क्षेत्रले ३६.७० प्रतिशत अंश ओगटेको देखिन्छ । त्यस्तै सन् २०२२ मा कूल गार्हस्थ्य उत्पादनमा जीवन बीमा क्षेत्रले अमेरिकी महादेशमा २.५० प्रतिशत, यूरोप, मध्यपूर्व र अफ्रिकामा २.९० प्रतिशत र एशिया प्रान्त क्षेत्रमा ३.०० प्रतिशत योगदान गरेको देखिन्छ । यसरी कूल जीवन बीमाशुल्कको विश्व कूल गर्हास्थ उत्पादनमा २.८० प्रतिशत योगदान रहेको देखिन्छ ।

## २.५ विश्व निर्जीवन बीमा बजार

**तालिका नं. १०**
**विश्वको निर्जीवन बीमाशुल्क आम्दानी**

*(अमेरिकी डलर अर्बमा)*

| क्षेत्र | बीमाशुल्क संकलन (अमेरीकी डलर अर्बमा) | | वृद्धि * | | विश्व बीमा बजारको अंश | कूल गार्हस्थ्य उत्पादनमा कूल निर्जीवन बीमाशुल्को अनुपात (%) |
|---|---|---|---|---|---|---|
| | २०२२ | २०२१ | २०२२ | २०२१ | २०२२ | २०२२ |
| अमेरिकी महादेश | २,४८३.१६ | २,२८९.०६ | ०.६० | ३.३० | ६२.६० | ७.५० |
| युरोप, मध्य पूर्व र अफ्रिका | ७९३.८८ | ८३०.९५ | -१.८ | २.८० | २०.०० | २.२० |
| एशिया प्रशान्त | ६९२.१६ | ७०४.४१ | २.९० | ०.८० | १७.४० | २.०० |
| **विश्व** | **३,९६९.२०** | **३,८२४.४३** | **०.५०** | **२.७०** | **१००.००** | **४.००** |

*श्रोतः Sigma No 3-2023, SwissRe, * मुद्रास्फिति समायोजित*

विश्वको निर्जीवन बीमा बजार सन् २०२१ को तुलनामा सन् २०२२ मा झिनो वृद्धि भएको देखिन्छ । सन् २०२१ मा निर्जीवन बीमामा अमेरिकी डलर रू. ३८ खर्ब २४ अर्ब ४३ करोड बराबर बीमाशुल्क संकलन भएको देखिन्छ । जसमा अमेरिकी महादेशबाट २२ खर्ब ८९ अर्ब ६ करोड अमेरिकी डलर बराबर बीमाशुल्क संकलन भएको थियो, त्यसै गरी यूरोप, मध्यपूर्व र अफ्रिकाबाट ८ खर्ब ३० अर्ब ९५ करोड अमेरिकी डलर बराबर बीमाशुल्क संकलन भएको देखिन्छ । त्यसैगरी एशिया प्रशान्त क्षेत्रबाट ७ खर्ब ४ अर्ब ४१ करोड अमेरिकी डलर बराबर बीमाशुल्क संकलन भएको देखिन्छ । सन् २०२२ मा विश्व निर्जीवन बीमा बजारबाट ३९ खर्ब ६९ अर्ब २० करोड अमेरिकी डलर बराबर बीमाशुल्क संकलन भएको देखिन्छ । जसमा अमेरिकी महादेशबाट २४ खर्ब ८३ अर्ब १६ करोड अमेरिकी डलर बराबर बीमाशुल्क संकलन भएको थियो भने यूरोप, मध्यपूर्व र अफ्रिकाबाट ७ खर्ब ९३ अर्ब८८ करोड अमेरिकी डलर बराबर बीमाशुल्क संकलन भएको देखिन्छ । त्यसै गरी एशिया प्रशान्त क्षेत्रबाट ६ खर्ब ९२ अर्ब १६ करोड अमेरिकी डलर बराबर बीमाशुल्क संकलन भएको देखिन्छ ।

सन् २०२२ मा विश्वको निर्जीवन बीमा बजारमा सबभन्दा बढी हिस्सा अमेरिकी महादेशले ओगटेको देखिन्छ, जुन ६२.६० प्रतिशत रहेको छ भने २०.०० प्रतिशत हिस्सा यूरोप, मध्यपूर्व र अफ्रिकाले र बाँकी रहेको १७.४० प्रतिशत हिस्सा एशिया प्रशान्त क्षेत्रले ओगटेको देखिन्छ ।

त्यस्तै सन् २०२२ मा कूल गार्हस्थ्य उत्पादनमा विश्वमा निर्जीवन बीमा क्षेत्रले अमेरिकी महादेशमा ७.५० प्रतिशत, यूरोप, मध्यपूर्व र अफ्रिकामा २.२० प्रतिशत र एशिया प्रान्त क्षेत्रमा २.०० प्रतिशत योगदान गरेको देखिन्छ । यसरी कूल निर्जीवन बीमाशुल्कको विश्व कूल गर्हास्थ उत्पादनमा ४.०० प्रतिशत योगदान रहेको देखिन्छ ।

भाग- ३

# नेपालको बीमा बजार

## ३.१ बीमकहरुको संख्या

वि.सं. २००४ सालको आश्विन ८ गते नेपाल माल चलानी तथा बीमा कम्पनी लिमिटेडको स्थापना गरी बीमाको कार्य सञ्चालन गरीएको पाइन्छ । यसरी वि.सं. २००४ सालबाट सुरूवात भएको नेपाली बीमा उद्योग चालू आ.व. सम्म आइपुग्दा यसले धेरै फड्कोहरु लिइसकेको छ । यसमा संख्यात्मक वृद्धि एक हो । आ.व. २०७८/७९ को असार मसान्तसम्ममा  जीवन बीमक १९, निर्जीवन बीमक २० र पुनर्बीमक २ गरी कूल ४१ बीमकहरु सञ्चालनमा थिए। नेपाल बीमा प्राधिकरणले बीमा व्यवसायलाई व्यवस्थित, नियमित, प्रतिस्पर्धी तथा विश्वसनीय बनाउन बीमकहरुले पूँजि वृद्धि गर्नुपर्ने प्रावधान बमोजिम आ.व.२०७९/८० को सुरुवातसँगै  बीमकहरु गाभ्ने गाभिने प्रक्रिया सुरु भई हाल नेपालमा १४ वटा जीवन, १४ वटा निर्जीवन र २ वटा पुनर्बीमा कम्पनीहरू सञ्चालनमा रहेका छन्। यस आ.व. मा पूर्व स्विकृती लिएका ७ लघुबीमा कम्पनी मध्ये २ जीवन लघुबीमा र २ निर्जीवन लघुबीमा गरी ४ लघुबीमा कम्पनिले व्यवसाय सुरु गरेका छन्। यसरी नेपालमा कूल ३४ वटा बीमा कम्पनीहरुले आफ्ना सेवा प्रदान गरीरहेका छन्। लगानीको आधारमा सरकारी लगानीको ३, नजी क्षेत्रको लगानीको २६, विदेशी कम्पनीको शाखा कार्यालय ३ र संयुक्त लगानीको २ बीमा कम्पनीहरु सञ्चालनमा छन्।

**तालिका नं. ११**

**आ.व.२०७९/८० मा बीमकहरुको संख्या**

| क्र.सं | स्वामित्व | बीमाको प्रकार | | | | कूल |
|---|---|---|---|---|---|---|
| | | जीवन | निर्जीवन | पुनर्बीमा | लघु | |
| १ | सरकारी स्वामित्व | १ | १ | १ | ० | ३ |
| २ | निजी क्षेत्र | ११ | १० | १ | ४ | २६ |
| ३ | विदेशी शाखा | १ | २ | - | ० | ३ |
| ४ | सँयुक्त लगानी | १ | १ | - | ० | २ |
| | **कूल** | **१४** | **१४** | **२** | **४** | **३४** |

## ३.२ बीमकहरुको शाखा

बीमकहरुले सहज र सरल तरिकाले बीमा सेवा प्रदान गर्न आफ्ना शाखा कार्यालयहरु सञ्चालनमा ल्याएका छन्। आ.व. २०७८/७९ मा कूल जिवन र निर्जीवन बीमकहरुको शाखा संख्या ३,३६६ रहेको थियो। विभिन्न बीमकहरु गाभने गाभिने प्रक्रियामा जादा शाखाहरुको संख्या यस आ.व. मा घटेर २८०१ रहेको देखिन्छ। जीवन बीमकहरुको शाखा संख्या १,७८९ र निर्जीवन बीमकहरुको संख्या १०१२ रहेको देखिन्छ। प्रदेशगत संख्या हेर्दा सबभन्दा धेरै (जीवन ४७७, निर्जीवन ३१७ गरी कूल ७९४) शाखा बागमती प्रदेशमा रहेको देखन्छ। त्यस्तै सबैभन्दा कम (जीवन १०५, निर्जीवन ४३ गरी कूल १४८) कर्णली प्रदेशमा रहेको देखिन्छ। थप विवरणहरु तल तालिका नं. १२ र लेखाचित्र नं. १ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. १२**

**आ.व.२०७९/८० मा बीमकहरुको प्रदेशगत शाखाहरुको संख्या**

| प्रदेश | जीवन | निर्जीवन | जम्मा |
|---|---|---|---|
| कोशी | ३०२ | १६२ | ४६४ |
| मधेश | २२७ | १२३ | ३५० |
| बागमती | ४७७ | ३१७ | ७९४ |
| गण्डकी | १९६ | १३१ | ३२७ |
| लुम्बिनी | २९७ | १६७ | ४६४ |
| कर्णाली | १०५ | ४३ | १४८ |
| सुदुरपश्चिम | १८५ | ६९ | २५४ |
| **जम्मा** | **१,७८९** | **१,०१२** | **२,८०१** |

**लेखाचित्र नं. १**

**बीमकहरुको प्रदेशगत शाखाहरुको संख्या**




## ३.३ आ.व. २०७९/८० मा बीमा व्यवसायको केही मूलभुत सुचाङ्क

आ.व. २०७९/८० मा आ.व. २०७८/७९ को तुलनामा कूल बीमाशुल्क संकलन २.८७ प्रतिशतले बढ्दा रु. १ खर्ब ७७ अर्ब ८१ करोड बाट बढेर रु. १ खर्ब ८२ अर्ब ९१ करोड संकलन भएको देखिन्छ। दुवै जीवन तथा निर्जीवन व्यवसायमा बीमाशुल्क संकलनमा वृद्धि भएको देखिन्छ। यसरी बीमाशुल्क संकलन बढ्दा बीमाको दायरामा

आएको जनसंख्यामा पनि वृद्धि भएको देखिन्छ। वैदेशिक रोजगार बीमा बाहेक आ.व. २०७८/७९ मा ३८.४४ प्रतिशत जनसंख्या बीमाको दायरामा आएको देखिन्छ भने आ.व. २०७९/८० मा सो जनसंख्या बढेर ३९.०३ प्रतिशत पुगेको देखन्छ। वैदेशिक रोजगार बीमा सहित हेर्ने हो भने यो जनसंख्या ४१.३९ प्रतिशतबाट बढेर ४४.३८ प्रतिशत पुगेको देखिन्छ। बीमा घनत्वमा पनि वृद्धि भएको देखिन्छ। आ.व. २०७८/७९ मा प्रतिव्यक्ति कूल रु. ५,८९२.९९ बाट १.९६ प्रतिशत वृद्धि भएर आ.व. २०७९/८० मा कूल बीमामा प्रतिव्यक्ति रु ६,००८.२७ खर्च भएको देखिन्छ।

आ.व. २०७८/७९ को तुलनामा आ.व. २०७९/८० मा जीवन तर्फ २०.२९ प्रतिशत तथा निर्जीवन तर्फ १०.३२ प्रतिशत वृद्धि हुँदा कूल बीमा क्षेत्रबाट भएको लगानीमा १९.२६ प्रतिशतले वृद्धि भएको छ। यसरी आ.व. २०७८/७९ मा रु. ५ खर्ब २७ अर्ब ३७ करोड लगानी भएको देखिन्छ भने आ.व. २०७९/८० मा सो रकम बढेर रु. ६ खर्ब २८ अर्ब ९६ करोड पुगेको देखिन्छ।

कूल बीमाशुल्क संकलनमा आएको वृद्धि सँगै दावीको संख्या र दावी भुक्तानीमा पनि वृद्धि भएको देखिन्छ। जीवन बीमातर्फ कूल दावी संख्या ५.७४ प्रतिशतले बढ्दा निर्जीवन तर्फ भने १०.१७ प्रतिशतले वृद्धि भएको देखिन्छ। त्यस्तै कूल दावि भुक्तानी रकममा पनि क्रमश जीवन र निर्जीवन तर्फ १२.२५ प्रतिशत र २३.५२ प्रतिशतले वृद्धि भएको देखिन्छ।

**तालिका नं. १३**

**आ.व. २०७९/८० मा नेपाली बीमा बजारका केही मूलभुत सुचाङ्क**

| सुचाङ्क | विवरण | २०७८/७९ | २०७९/८० | परिवर्तन(%) |
|---|---|---|---|---|
| **कूल बीमाशुल्क संकलन (रु करोडमा)** | जीवन बीमाशुल्क | १३,८६४ | १४,२५७ | २.८४ |
| | निर्जीवन बीमाशुल्क | ३,९१७ | ४,०३४ | २.९८ |
| | **जम्मा** | **१७,७८१** | **१८,२९१** | **२.८७** |
| **जीवन बीमाको दायरामा आएको जनसंख्या (प्रतिशत)** | वैदेशिक रोजगार बीमा बाहेक | ३८.४४ | ३९.०३ | |
| | वैदेशिक रोजगार बीमा सहित | ४१.३९ | ४४.३८ | |
| **बीमा घनत्व** | जीवन | ४,५९४.८३ | ४,६८३.२६ | १.९२ |
| | निर्जीवन | १,२९८.१७ | १,३२५.०१ | २.०७ |
| | **जम्मा** | **५,८९२.९९** | **६,००८.२७** | **१.९६** |
| **कूल लगानी** | जीवन (रु करोड)* | ४७,३१६ | ५६,९१६ | २०.२९ |
| | निर्जीवन(रु करोडमा)** | ५,४२० | ५,९७९ | १०.३२ |
| | **जम्मा** | **५२,७३७** | **६२,८९६** | **१९.२६** |
| **जीवन बीमा दावी (रु करोडमा)** | कूल दावी भुक्तानी (संख्या) | २,४०,९६८ | २,५४,७९८ | ५.७४ |
| | कूल दावी भुक्तानी( रु करोडमा) | ५,२५४ | ५,८९८ | १२.२५ |
| **निर्जीवन बीमा दावी (रु करोडमा)** | कूल दावी भुक्तानी (संख्या) | १,४७,५१९ | १,६२,५२४ | १०.१७ |
| | कूल दावी भुक्तानी( रु करोडमा) | १,९०७ | २,३५२ | २३.५२ |

** आ.व. २०७९/८० कोजीवन बीमकको लगानीमा लघु जीवन बीमाको लगानी समवेश*

*** निर्जीवन बीमाको लगानीमा पुनर्बीमकको लगानी समावेश र आ.व. २०७९/८० मा लघु निर्जीवन बीमकको लगानि समावेश*

## ३.४ कूल गार्हस्थ्य उत्पादनमा कूल बीमाशुल्कको अनुपात

बीमा क्षेत्रको कूल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्य) को आधारमा बीमाशुल्कको अनुपातमा क्रमिक रुपमा वृद्धि हुँदै गएको देखिन्छ । आ.व. २०६८/६९ मा कूल गार्हस्थ्य उत्पादनमा कूल बीमाशुल्कको अनुपात १.२५ प्रतिशत मात्र रहेको देखिन्छ । यो क्रमिक रुपमा वृद्धि हुँदै आ.व. २०७८/७९ मा ३.६० प्रतिशत पुगेको देखिन्छ । त्यसै गरी आ.व. २०७९/८० मा कूल गार्हस्थ उत्पादनमा कूल बीमाशुल्कको अनुपात घटेर ३.४० प्रतिशत पुगेको देखिन्छ । कूल जीवन तथा निर्जीवन बीमाशुल्कको पनि कूल गार्हस्थ उत्पादनमा अनुपात क्रमिक रुपमा वृद्धि भई आ.व. २०७९/८० मा थोरै घटेको देखिन्छ । यसको विस्तृत विवरण तलको लेखामा प्रस्तुत गरीएको छ ।

**लेखाचित्र नं. २**

**कूल गार्हस्थ्य उत्पादनमा कूल बीमाशुल्कको अनुपात**




**आ.व. २०७८/७९ र २०७९/८० को तथ्याङ्क लेखपरिक्षण नभएको*

## ३.५ बीमा क्षेत्रले प्रदान गरेको रोजगारी

आ.व. २०७८/७९ मा १२,०३१ जनाले बीमा क्षेत्रबाट प्रत्यक्ष रुपमा रोजगारी पाएका थिए भने आ.व. ७९/८० मा ११,४९६ प्रत्यक्ष रुपमा बीमा क्षेत्रमा संलग्न भएको देखिन्छ जुन अगिल्लो आ.व. को तुलनामा ४.४५ प्रतिशतले कमी हो । यस आ.व. मा बीमकहरु गाभ्ने र गाभिने प्रक्रियामा संलग्न भएको कारण यो कमी आएको हुन सक्छ ।

बीमा व्यवसायमा बीमा मध्यस्थकर्ताको पनि महत्वपूर्ण भुमिका रहन्छ । बीमा अभिकर्ता र बीमा सर्भेयर बीमा व्यवसायमा प्रमुख मध्यस्कर्ता हुन् । आ.व. २०७८/७९ मा २,९६,४०३ जना बीमा अभिकर्ताहरु बीमा व्यवसायमा संलग्न थिए भने सो संख्या ६.३३ प्रतिशतले कमी भएर आ.व. २०७९/८० मा २,७७,६२६ जना पुगेको देखिन्छ । त्यस्तै आ.व. २०७८/७९ मा १,२४० जना बीमा सर्भेयर बीमा व्यवसायमा संलग्न थिए भने सो संख्या १.८५ प्रतिशतले कमी भएर आ.व. २०७९/८० मा १,२१७ जना पुगेको देखिन्छ ।

**तालिका नं. १४**

**बीमा व्यवसायले प्रदान गरेको रोजगारी**

| विवरण | २०७८/७९ | २०७९/८० | परिवर्तन |
|---|---|---|---|
| *बीमा क्षेत्रले प्रदान गरेको प्रत्यक्ष रोजगारी | १२,०३१ | ११,४९६ | -४.४५ |
| बीमा व्यवसायमा संलग्न बीमा अभिकर्ताहरुको संख्या | २,९६,४०३ | २,७७,६२६ | -६.३३ |
| बीमा व्यवसायमा संलग्न बीमा सर्भेयरहरुको संख्या | १,२४० | १,२१७ | -१.८५ |

**सम्पूर्ण बीमक र नेपाल बीमा प्रधिकरणका कर्मचारीहरु संलग्न*

भाग-४

# जीवन बीमा बजार

## ४.१ जीवन बीमा कम्पनीहरुको चुक्ता पूँजी तथा कोष

जीवन बीमा व्यवसाय गर्ने बीमकहरुको जोखिम बहन क्षमता बढाउन प्राधिकरणले जीवन बीमकहरुको चुक्ता पूँजी रु. दुई अर्बबाट बढाएर रु. पाँच अर्ब कायम गर्नु पर्ने व्यवस्था गरेको छ। यसरी कायम चुक्ता पूँजी पुर्याउन केहि बीमकहरु मर्जेरमा गए भने केहीले प्राथमिक शेयर जारी गरेका छन्। जीवन बीमा व्यवसाय गर्ने बीमकहरुको चुक्ता पूँजी, जगेडा कोष, जीवन बीमा कोष तथा महाविपत्ती जगेडा कोष समेत क्रमशः वृद्धि हुँदै गईरहेको देखिन्छ। आ.व. २०७५/७६ मा जीवन बीमा व्यवसाय गर्ने बीमकहरुको चुक्ता पूँजी, जगेडा कोष, जीवन बीमा कोषमा तथा महाविपत्ती जगेडा कोष क्रमशः रु. ३१ अर्ब ९ करोड, रु. ९ अर्ब २० करोड, रु.२ खर्ब २६ अर्ब १८ करोड र रु. १ अर्ब ७२ करोड रहेको थियो। त्यसै गरी आ.व. २०७६/७७ मा उक्त रकम क्रमशः रु. ३४ अर्ब ६६ करोड, रु. ११ अर्ब ५५ करोड, रु.२ खर्ब ९२ अर्ब २ करोड र रु.२ अर्ब ३१ करोड रहेको देखिन्छ। आ.व. २०७७/७८ मा उक्त रकम क्रमशः रु. ४० अर्ब २२ करोड, रु. १२ अर्ब ९६ करोड, रु.३ खर्ब ७५ अर्ब ४६ करोड र रु.२ अर्ब ८८ करोड रहेको देखिन्छ। आ.व. २०७८/७९ मा सो रकम वृद्धि भएर क्रमशः रु. ४३ अर्ब ६६ करोड, रु. १३ अर्ब ३४ करोड, रु.४ खर्ब ६३ अर्ब ६० करोड र रु.३ अर्ब १४ करोड रहेको देखिन्छ। त्यसै गरी आ.व. २०७९/८० मा उक्त रकम क्रमशः रु. ५३ अर्ब ७६ करोड, रु. १७ अर्ब ३४ करोड, रु.५ खर्ब ६१ अर्ब ७३ करोड र रु.३ अर्ब ८६ करोड रहेको देखिन्छ। (थप विवरण अनुसूची ५ मा रहेको छ)

**लेखाचित्र नं. ३**

**जीवन बीमकहरुको पूँजी तथा कोष**

*(रु. अर्बमा)*




**आ.व. २०७८/७९ र २०७९/८० को तथ्याङ्क लेखपरिक्षण नभएको*

*** राष्ट्रिय बीमा संस्थानको आ.व. २०६९/७० बाट लेखापरिक्षण नभएको*

## ४.२ जीवन बीमा कम्पनीहरुको खुद नाफा

जीवन बीमकहरुले आर्जन गरेको नाफामा धेरै उतारचढाब भएको देखिन्छ । आ.व. २०७५/७६ मा जीवन बीमकहरुले रु. ४ अर्ब २७ करोड नाफा गरेको देखिन्छ । यो रकम आ.व. २०७६/७७ मा ४६.६१ प्रतिशतले वृद्धि हुँदा नाफा रु. ६ अर्ब २५ करोड पुगेको देखिन्छ । यसरी बढेको नाफा आ.व. २०७७/७८ मा भने ९.७८ प्रतिशत ऋणात्मक हुँदा घटेर रु. ५ अर्ब ६४ करोड पुगेको देखिन्छ । यो क्रम कायम हुदै आ.व. २०७८/७९ मा भने अधिक ३०.९८ प्रतिशत ऋणात्मक हुँदा जम्मा रु. ३ अर्ब ८९ करोड पुगेको देखिन्छ । आ.व. २०७९/८० मा भने अर्थतन्त्रमा केही सुधार हुदा जीवन बीमकहरुको नाफा आर्जनमा सुधार भई २८.३६ प्रतिशतले वृद्धि हुदा खुद नाफा करिब रु. ५ अर्ब पुगेको देखिन्छ । केही जीवन बीमकहरुको आ.व. २०७८/७९ र २०७९/८० को बीमाङ्किय मूल्याङ्कन नभईसकेको हुदा नाफामा फेरबदल हुन सक्ने देखिन्छ । (थप विवरण अनुसूची ६ मा रहेको छ)

**लेखाचित्र नं. ४**

**जीवन बीमकहरुको खुद नाफा**

*(रु. अर्बमा)*




**आ.व. २०७८/७९ र २०७९/८० को तथ्याङ्क लेखपरिक्षण नभएको*

*** राष्ट्रिय बीमा संस्थानको आ.व. २०६९/७० बाट लेखापरिक्षण नभएको*

## ४.३ जीवन बीमा कम्पनीहरुले संकलन गरेको बीमाशुल्क

जीवन बीमकहरुको कूल बीमाशुल्क संकलन क्रमिक रुपमा बढ्दै गएको देखिन्छ । आ.व. २०७५/७६ मा जीवन बीमकहरुले कूल बीमाशुल्क रु. ७७ अर्ब ७ करोड संकलन गरेको देखिन्छ । यो रकम आ.व. २०७९/८० सम्म आइपुग्दा बढेर रु. १ खर्ब ४२ अर्ब पुगेको देखिन्छ । नविकरण बीमाशुल्क पनि क्रमिक रुपमा वृद्धि नै हुदै आएको देखिन्छ । नविकरण बीमाशुल्क आ.व. २०७५/७६ मा रु. ४१ अर्ब २७ करोड संकलन भएको देखिन्छ जुन आ.व. २०७९/८० सम्म आइपुग्दा रु. १ खर्ब ११ अर्ब ३४ करोड पुगेको देखिन्छ । प्रथम बीमाशुल्क भने आ.व. २०७५/७६ देखि २०७६/७७ मा रु. ३५ अर्ब ८१ करोड देखि बढेर रु. ४१ अर्ब १५ करोड र आ.व. २०७७/७८ मा रु. ४९ अर्ब ६१ करोड देखिन्छ जुन पून आ.व. २०७८/७९ मा थोरै घटेर रु. ४१ अर्ब ४५ करोड देखियो । यस आ.व. मा पनि प्रथम बीमाशुल्क घटेर रु. ३१ अर्ब २४ करोड देखिन्छ तर नविकरण बीमाशुल्कमा भएको वृद्धिले गर्दा कूलबीमाशुल्क भने बढेको नै देखिन्छ । (थप विवरण अनुसूची ७ र ८ मा रहेको छ)

### तालिका नं. १५
### जीवन बीमा व्यवसाय गर्ने बीमकहरुले संकलन गरेको बीमाशुल्क

*(रु. अर्बमा)*

| विवरण | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
|---|---|---|---|---|---|
| प्रथम बीमाशुल्क | ३५.८१ | ४१.१५ | ४९.६१ | ४१.४५ | ३१.२४ |
| नविकरण बीमाशुल्क | ४१.२७ | ५७.९७ | ७१.५३ | ९७.१९ | १११.३४ |
| कूल बीमाशुल्क | ७७.०७ | ९९.१२ | १२१.१४ | १३८.६४ | १४२.५७ |

**आ.व. २०७८/७९ र २०७९/८० को तथ्याङ्क लेखपरिक्षण नभएको*

*** राष्ट्रिय बीमा संस्थानको आ.व. २०६९/७० बाट लेखापरिक्षण नभएको*

### लेखाचित्र नं. ५
### जीवन बीमा व्यवसाय गर्ने बीमकहरुले संकलन गरेको बीमाशुल्क

*(रु. अर्बमा)*




**आ.व. २०७८/७९ र २०७९/८० को तथ्याङ्क लेखपरिक्षण नभएको*

*** राष्ट्रिय बीमा संस्थानको आ.व. २०६९/७० बाट लेखापरिक्षण नभएको*

आ.व. २०७९/८० को बीमाशुल्क संकलनलाई मासिक विभाजन गरी हेर्ने हो भने आ.व. को सुरुवात र अन्त्यमा धेरै कारोबार भएको देखिन्छ। आ.व. को सुरूमा साउन महिनामा रु. १५ अर्ब ६ करोड कूल बीमाशूल्क संकलन देखिन्छ त्यसै आ.व. को अन्त्य, असार महिनामा उच्च रु. १७ अर्ब ७६ करोड कूल बीमाशुल्क संकलन भएको देखिन्छ। आसोज (रु.९ अर्ब ७३ करोड) महिना र वैशाख (९ अर्ब ३७ करोड) महिनामा अरु महिनाको तुलनामा तुलनात्मक रुपमा कम बीमाशुल्क संकलन भएको देखिन्छ। जीवन बीमकहरुले आ.व. २०७९/८० मा मासिक रुपमा संकलन गरेको प्रथम बीमाशुल्क, नविकरण बीमाशुल्क र कूल बीमाशुल्क तल लेखाचित्र नं. ६ मा देखाइएको छ।

**लेखाचित्र नं. ६**

**जीवन बीमा व्यवसाय गर्ने बीमकहरुले आ.व. २०७९/८० मा संकलन गरेको मासिक बीमाशुल्क**

*(रु. अर्बमा)*




## ४.४ जीवन बीमा कम्पनीहरुले जारी गरेको बीमालेख संख्या

जीवन बीमकहरुले जारी गरेको बीमालेख संख्या, व्यवसाय वृद्धि भए अनुरुप बढ्दै गएको देखिन्छ । जारी बीमालेख र कूल सक्रिय बीमालेख संख्या पनि क्रमिक रुपमा बढ्दै नै गएको देखिन्छ । आ.व. २०७५/७६ मा २७ लाख २२ हजार बीमालेख जारी भएको देखिन्छ । यो सङ्ख्या आ.व. २०७८/७९ मा उच्चतम १ करोड २७ लाख ६९ हजार देखिन्छ । आ.व. २०७९/८० मा भने अघिल्लो आ.व.को तुलनामा जारी बीमालेख संख्यामा थोरै कमी आएको देखिन्छ । आ.व. २०७९/८०मा जारी बीमालेखको सङ्ख्यामा थोरै कमी आई १ करोड २३ लाख ७१ हजार रहेको देखिन्छ । (थप विवरण अनुसूची ९ मा रहेको छ)

**लेखाचित्र नं. ७**

**जीवन बीमा कम्पनीहरुले जारी गरेको बीमालेख संख्या**

*(हजारमा)*




जीवन बीमकहरुले जारी गरेको बीमालेख संख्या वृद्धि भए अनुरुपनै सक्रिय बीमालेख सङ्ख्या पनि बढ्दै गएको देखिन्छ । आ.व. २०७५/७६ मा ७३ लाख २८ हजार सक्रिय बीमालेख देखिन्छ । यो सङ्ख्या आ.व. २०७६/७७ मा वृद्धि भई ८५ लाख ७८ हजार सक्रिय बीमालेख देकिन्छ । आ.व. २०७७/७८ मा ७७ लाख ८० हजार रहेको सक्रिय बीमालेख संख्या बढेर आ.व. २०७८/७९ मा १ करोड ३१ लाख देखिन्छ । आ.व. २०७९/८० मा पनि बढ्ने क्रम जारी राख्दै सक्रिय बीमालेखको सङ्ख्या १ करोड ४१ लाख ३७ हजार कायम रहेको देखिन्छ । यसको विवरण तल लेखाचित्र नं. ८ मा प्रस्तुत गरिएको छ ।

**लेखाचित्र नं. ८**
**जीवन बीमा कम्पनीहरुको कूल सक्रिय बीमालेख संख्या**

*(हजारमा)*




## ४.५ जीवन बीमा दावी भुक्तानी

जीवन बीमा कम्पनीहरुमा परेका दावी भुक्तानीको संख्या बढ्दै गएको देखिन्छ । आ.व. २०७६/७७ मा दावीको संख्या १,०६,२३९ रहेको देखिन्छ । यो संख्या वृद्धि भएर आ.व. २०७९/८० सम्म आइपुग्दा सो संख्या २,५४,७९८ भएको देखिन्छ । यसरी दावी संख्या सँगै कूल दावी भुक्तानी पनि बढ्दै गएको छ । आ.व. २०७५/७६ मा रु. २१ अर्ब ४७ करोड कूल दावी भुक्तानी भएको देखिन्छ र यो वृद्धि हुदै आ.व. २०७९/८० मा रु. ५८ अर्ब ९८ करोड कूल भुक्तानी देखिन्छ । भुक्तानी हुन बाँकी संख्या आ.व. ७८/७९ मा अधिक ६२,८०६ देखिन्छ भने आ.व. २०७९/८० मा यो संख्यामा सुधार आएर कम भई सो संख्या २०,७९३ मा झरेको देखिन्छ । यसरी कम भएको भक्तानी हुन बाकी संख्या सँगै भुक्तानी हुन बाकी दावी रकममा पनि सुधार भई आ.व. २०७८/७९ मा रु ६ अर्ब ४० करोड रहेको आ.व. २०७९/८० मा भुक्तानी हुन बाकी रकम रु.१ अर्ब २२ करोडमा झरेको देखिन्छ । )

**तालिका नं. १६**
**जीवन बीमा दावी भुक्तानी**

| विवरण | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
|---|---|---|---|---|---|
| दावी भुक्तानी संख्या | - | १,०६,२३९ | १,३६,४६४ | २,४०,९६८ | २,५४,७९८ |
| कूल दावी भुक्तानी रकम (रु अर्बमा) | २१.४७ | २२.३३ | ३६.३६ | ५०.२० | ५८.९८ |
| भुक्तानी हुन वाकी दावी संख्या | | ५६८ | २२,४२५ | ६२,८०६ | २०,७९३ |
| भुक्तानी हुन वाकी दावी रकम (रु अर्बमा) | | २.९७ | ४.२६ | ६.४० | १.२२ |

**आ.व. २०७८/७९ र २०७९/८० को तथ्याङ्क लेखपरिक्षण नभएको*
*** राष्ट्रिय बीमा संस्थानको आ.व. २०६९/७० बाट लेखापरिक्षण नभएको*

## ४.६ जीवन बीमा व्यवसाय गर्ने बीमकहरुबाट भएको लगानी

बीमा व्यवसायको बिस्तारसँगै जीवन बीमा व्यवसाय गर्ने बीमकहरुबाट भएको लगानी वार्षीक रुपमा वृद्धि हुदै आएको छ । आ.व. २०७५/७६ मा जीवन बीमकहरुबाट रु. २ खर्ब ३० अर्ब ४४ करोड लगानी भएको देखिन्छ । यो रकम आ.व. २०७६/७७, आ.व. २०७७/७८ र आ.व. २०७८/७९ मा क्रमश रु. २ खर्ब ९० अर्ब २० करोड, ३ खर्ब ५९ अर्ब ३३ करोड र रु.४ खर्ब ७३ अर्ब ९६ करोड देखिन्छ । लगानी रकम बढ्दै जादा आ.व. २०७९/८० मा २०.०७ प्रतिशतले बढेर रु.५ खर्ब ६८ अर्ब १५ करोड पुगेको देखिन्छ । (थप विवरण अनुसूची १० र ११ मा रहेको छ)

**लेखाचित्र नं. ९**

**जीवन बीमा व्यवसाय गर्ने बीमकहरुबाट भएको लगानी**

*(रु. अर्बमा)*




**आ.व. २०७८/७९ र २०७९/८० को तथ्याङ्क लेखपरिक्षण नभएको*

*** राष्ट्रिय बीमा संस्थानको आ.व. २०६९/७० बाट लेखापरिक्षण नभएकोभाग*

आ.व. २०७९/८० मा जीवन बीमा कम्पनीहरूबाट भएको लगानी जम्मा रू. ५ खर्ब ६८ अर्ब १५ करोड देखिन्छ। जस मध्ये सबैभन्दा धैरै(करिब ७७ प्रतिशत) रु. ४ खर्ब ३७ अर्ब ९३ करोड बराबरको लगानी बैंक तथा वित्तीय संस्थाको मुद्दती खातामा भएको देखिन्छ भने रू. ६३ अर्ब ०५ करोड बराबरको (करिब ११ प्रतिशत) लगानी अग्राधिकार शेयर र ऋणपत्रमा भएको देखिन्छ। त्यसैगरी रू. २० अर्ब ९६ करोडको (करिब ४ प्रतिशत) लगानी साधारण शेयरमा भएको देखिन्छ। जम्मा लगानीमा न्यून (करिब १ प्रतिशत) रू. ३ अर्ब ९४ करोड बराबरको लगानी नेपाल सरकारको बचतपत्र तथा ऋणपत्रमा भएको देखिन्छ भने बाँकी रहेको रू. ४२ अर्ब २६ करोडको (करिब ७ प्रतिशत) लगानी अन्य क्षेत्रमा भएको देखिन्छ। यस आ.व.मा जीवन बीमकहरुले गरेको लगानीको क्षेत्रगत विवरण लेखाचित्र नं. १० मा प्रस्तुत गरीएको छ।

**लेखाचित्र नं. १०**

**आ.व. २०७९/८०मा जीवन बीमकहरुले गरेको क्षेत्रगत लगानी विवरण**

*(रु. अर्बमा)*



भाग-५

# निर्जीवन बीमा बजार

## ५.१ निर्जीवन बीमा कम्पनीहरुको चुक्ता पूँजी तथा कोष

निर्जीवन बीमा व्यवसाय गर्ने बीमकहरुको जोखिम बहन क्षमता बढाउन प्राधिकरणले निर्जीवन बीमकहरुको चुक्ता पूँजी रु. एक अर्बबाट बढाएर रु. दुई अर्ब पचास करोड कायम गर्नु पर्ने व्यवस्था गरेको छ । यसरी कायम चुक्ता पूँजी पुर्याउन केहि बीमकहरु मर्जेरमा गए भने केहीले प्राथमिक शेयर जारी गरेका छन् । निर्जीवन बीमा व्यवसाय गर्ने बीमकहरुको चुक्ता पूँजी, जगेडा कोष, बीमा कोष तथा महाविपत्ती जगेडा समेत क्रमशः वृद्धि हुँदै गईरहेको देखिन्छ । आ.व. २०७५/७६ मा निर्जीवन बीमकहरुको चुक्ता पूँजी, जगेडा कोष, बीमा कोष तथा महाविपत्ती जगेडा कोष क्रमशः रु. १५ अर्ब ३४ करोड, रु. ४ अर्ब ६५ करोड, रु.१० अर्ब ७५ करोड र रु. ७४ करोड रहेको थियो । त्यसै गरी आ.व. २०७६/७७ मा उक्त रकम क्रमशः रु. १७ अर्ब ९१ करोड, रु. ६ अर्ब ८१ करोड, रु.१३ अर्ब ३६ करोड र रु.९५ करोड रहेको देखिन्छ । आ.व. २०७७/७८ मा उक्त रकम क्रमशः रु. २० अर्ब १३ करोड, रु. ७ अर्ब ९२ करोड, रु.१५ अर्ब ६१ करोड र रु. ६७ करोड रहेको देखिन्छ । आ.व. २०७८/७९ मा सो रकम वृद्धि भएर क्रमशः रु. २३ अर्ब ८९ करोड, रु. ८ अर्ब २१ करोड, रु.१७ अर्ब ८१ करोड र रु. ८४ करोड रहेको देखिन्छ । त्यसै गरी आ.व. २०७९/८० मा उक्त रकम क्रमशः रु. २५ अर्ब १ करोड, रु. ९ अर्ब ६९ करोड, रु.२० अर्ब ६७ करोड र रु.१अर्ब रहेको देखिन्छ । (थप विवरण अनुसूची १२ मा रहेको छ)

**लेखाचित्र नं. ११**

**निर्जीवन बीमकहरुको पूँजी तथा कोष**

*(रु. अर्बमा)*




**आ.व. २०७९/८० को तथ्याङ्क लेखपरिक्षण नभएको*

*** राष्ट्रिय बीमा कम्पनीको आ.व. २०७३/७४ बाट लेखापरिक्षण नभएको*

## ५.२ निर्जीवन बीमा कम्पनीहरुको खुद नाफा

निर्जीवन बीमकहरुले आर्जन गरेको नाफामा उतार चढाब भएको देखिन्छ। आ.व. २०७५/७६ मा निर्जीवन बीमकहरुले रु. ३ अर्ब ७५ करोड नाफा गरेको देखिन्छ। यो रकम आ.व. २०७६/७७ मा ४१.११ प्रतिशतले वृद्धि हुँदा नाफा रु. ५ अर्ब ३० करोड पुगेको देखिन्छ। यसरी बढेको नाफा आ.व. २०७७/७८ मा भने १५.२१ प्रतिशत ऋणात्मक हुँदा घटेर रु. ४ अर्ब ४९ करोड पुगेको देखिन्छ। आ.व. २०७८/७९ मा १.६१ प्रतिशतले कम हुँदा नाफा रु. ४ अर्ब ४२ करोड पुगेको देखिन्छ। आ.व. २०७९/८० मा भने अर्थतन्त्रमा सुधार हुदा निर्जीवन बीमकहरुको नाफा आर्जनमा सुधार भई ३२.७७ प्रतिशतले वृद्धि हुदा खुद नाफा रु. ५ अर्ब ८७ करोड पुगेको देखिन्छ। (थप विवरण अनुसूची १३ मा रहेको छ)

**लेखाचित्र नं. १२**

**निर्जीवन बीमकहरुले आर्जन गरेको खुद नाफा**

***(रु. अर्बमा)***




**आ.व. २०७९/८० को तथ्याङ्क लेखपरिक्षण नभएको*

*** राष्ट्रिय बीमा कम्पनीको आ.व. २०७३/७४ बाट लेखापरिक्षण नभएको*

## ५.३ निर्जीवन बीमा कम्पनीहरुले संकलन गरेको बीमाशुल्क

निर्जीवन बीमा व्यवसाय बाट संकलन हुने कूल बीमाशुल्क वृद्धि हुदै गईरहेको छ। आ.व. २०७५/७६ मा रु. २५ अर्ब ६० करोड कूल बीमाशुल्क संकलन भएको देखिन्छ। यो रकम क्रमश बढ्दै आ.व. २०७६/७७, आ.व. २०७७/७८, आ.व. २०७८/७९ मा क्रमशः रु. २७ अर्ब ६५ करोड, रु. ३२ अर्ब २५ करोड र रु.३९ अर्ब १५ करोड हुदै आ.व. २०७९/८० सम्म आईपुग्दा रु. ४० अर्ब ३४ करोड कूल बीमाशुल्क संकलन भएको देखिन्छ।(थप विवरण अनुसूची १५ मा रहेको छ)

**लेखाचित्र नं. १३**

**निर्जीवन बीमा व्यवसाय  गर्ने बीमकहरुले संकलन गरेको बीमाशुल्क**

***(रु.अर्बमा)***




**आ.व. २०७९/८० को तथ्याङ्क लेखपरिक्षण नभएको*

*** राष्ट्रिय बीमा कम्पनीको आ.व. २०७३/७४ बाट लेखापरिक्षण नभएको*

## ५.४ निर्जीवन बीमा कम्पनीहरुले जारी गरेको बीमालेख संख्या

निर्जीवन बीमा व्यवसायले जारी गरेको बीमालेख संख्या पनि क्रमिक रुपमा आ.व. २०७७/७८ सम्म वृद्धि हुदै गएको देखिन्छ । आ.व. २०७५/७६ मा २१ लाख ६५ हजार बीमालेख जारी भएको देखिन्छ । यसरी आ.व. २०७६/७७मा २२ लाख ८६ हजार र आ.व. २०७७/७८ अहिलेसम्मकै उच्च २८ लाख ५२ हजार बीमालेख जारी भएको देखिन्छ। आ.व. २०७८/७९ मा भने यो संख्या थोरै कम भएर २८ लाख ७ हजार बीमालेख जारी गरेको देखिन्छ। आ.व. २०७९/८० मा पनि निर्जीवन बीमकहरुले जारी गरेको बीमालेख संख्यामा कमी भएर २७ लाख ९२ हजार बीमालेख जारी भएको देखिन्छ। (थप विवरण अनुसूची १६ मा रहेको छ)

**लेखाचित्र नं. १४**

**निर्जीवन बीमा कम्पनीहरुले जारी गरेको बीमालेख संख्या**

***(हजारमा)***



## ५.५ निर्जीवन बीमा दावी भुक्तानी

**तालिका नं. १७**
**निर्जीवन बीमा दावी भुक्तानी**

| विवरण | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
|---|---|---|---|---|---|
| दावी भुक्तानी संख्या | ८१,७३६ | ८६,६२१ | १,४६,९३१ | १,४७,५१९ | १,६२,५२४ |
| कूल दावी भुक्तानी रकम (रु. अर्बमा) | १४.२३ | १२.०० | १७.५४ | २०.८४ | २३.५२ |
| भुक्तानी हुन वाकी दावी संख्या | ३५,६०० | ३६,४७१ | ९५,३५० | १,०६,३४९ | ९२,८६९ |
| भुक्तानी हुन वाकी दावी रकम (रु. अर्बमा) | ११.२४ | ११.१६ | २९.३५ | २२.७५ | ३२.३२ |

** २०७९/८० को तथ्याङ्क लेखपरिक्षण नभएको*
*** राष्ट्रिय बीमा कम्पनीको आ.व. २०७३/७४ बाट लेखापरिक्षण नभएको*

निर्जीवन बीमा व्यवसायमा पनि बीमा दावी संख्या क्रमिक रुपमा वृद्धि हुदै गइरहेको देखिन्छ। आ.व. २०७५/७६ मा ८१,७३६ दावी परेको देखिन्छ, जुन आ.व. २०७६/७७, आ.व. २०७७/७८ र आ.व. २०७८/७९ मा क्रमश ८६,६२१ ; १,४६,९३१ र १,४७,५१९ हुँदै २०७९/८० मा बढेर १,६२,५२४ पुगेको छ। यसरी दावी संख्याको वृद्धिसँगै कूल दावी भुक्तानी रकम पनि वृद्धि हुदै गएको छ। आ.व. २०७५/७६ मा रु. १४ अर्ब २३ करोड कूल दावी भुक्तान भएको देखिन्छ। यो रकम बढ्दै जादा आ.व. २०७९/८० मा कूल दावी भुक्तानी रकम रु. २३ अर्ब ५२ करोड रहेको देखिन्छ जुन आ.व. २०७८/७९ मा रु. २० अर्ब ८४ करोड रहेको देखिन्छ। निर्जीवन बीमा व्यवसायमा भुक्तानी हुन बाकी दावी रकम तुलनात्मक रुपमा भुक्तानी गरेको दावी भन्दा धेरै देखिन्छ। आ.व. २०७५/७६ र आ.व. २०७६/७७ मा त्यो वर्ष भुक्तानी गरेको कूल दावी रकम भन्दा भुक्तानी हुन बाकि रकम कम देखिन्छ। पछिल्ला पाँच आ.व.मा आ.व.२०७५/७६ बाहेक अरु आ.व. मा भुक्तानी भएको कूल दावी भन्दा भुक्तानी हुन बाँकी दावी रकम धेरै देखिन्छ। २०७९/८० मा कूल दावी २३ अर्ब ५२ करोड थियो भने भुक्तानी हुन बाकि दावी रकम रु. ३२ अर्ब ३२ करोड देखिन्छ। )

## ५.६ निर्जीवन बीमा व्यवसाय गर्ने बीमकहरुबाट भएको लगानी

बीमा व्यवसायको बिस्तारसँगै निर्जीवन बीमा व्यवसाय गर्ने बीमकहरुबाट भएको लगानी पनि वार्षीक रुपमा वृद्धि हुदै आएको छ। आ.व. २०७५/७६ मा निर्जीवन बीमकहरुबाट रु. ३९ अर्ब ५३ करोड लगानी भएको देखिन्छ। यो रकम आ.व. २०७६/७७, आ.व. २०७७/७८ र आ.व. २०७८/७९ मा क्रमश १४.४१ प्रतिशत, ७.५२ प्रतिशत र १५.७७ प्रतिशतले वृद्धि भएर रु. ४५ अर्ब २६ करोड, रु. ४८ अर्ब ६७ करोड र रु. ५३ अर्ब ३४ करोड पुगेको देखिन्छ। लगानी रकम बढ्दै जादा आ.व. २०७९/८० मा ४.४७ प्रतिशतले बढेर रु. ५८ अर्ब ८६ करोड पुगेको देखिन्छ। (थप विवरण अनुसूची १७ र १८ मा रहेको छ)

**लेखाचित्र नं. १५**

**निर्जीवन बीमा व्यवसाय गर्ने बीमकहरुबाट भएको लगानी**

*(रु. अर्बमा)*




**आ.व. २०७९/८० को तथ्याङ्क लेखपरिक्षण नभएको*
*** राष्ट्रिय बीमा कम्पनीको आ.व. २०७३/७४ बाट लेखापरिक्षण नभएको*

आ.व. २०७९/८० मा निर्जीवन बीमा कम्पनीहरूबाट भएको जम्मा लगानी रू. ५८ अर्ब ८६ करोड मध्ये रु. ४७ अर्ब ४४ करोड लगानी बैंक तथा वित्तीय संस्थाको मुद्दती खातामा भएको देखिन्छ भने रू. ३ अर्ब ७२ करोड बराबरको लगानी ऋणपत्रमा भएको देखिन्छ। त्यसैगरी रू. ५ अर्ब २१ करोड बराबरको लगानी शेयरमा, रू. २ अर्ब २७ करोड बराबरको लगानी अन्य क्षेत्रमा भएको देखिन्छ भने रु. २२ करोड बाराबरको रकम नेपाल सरकारको बचतपत्र तथा ऋणपत्रमा लगानी गरेको देखिन्छ। यसको प्रस्तुति लेखा नं १६ मा गरिएको छ।

**लेखाचित्र नं. १६**

**आ.व. २०७९/८०मा निर्जीवन बीमकहरुले गरेको क्षेत्रगत लगानी विवरण**

*(रु. अर्बमा)*



भाग-६

# लघुबीमा बजार

## ६.१ लघु बीमकहरुको स्थापना

न्युन आय भएका वर्ग र पिछडिएका क्षेत्रलाई लक्षित गरी बीमाको दायरामा ल्याउने सरकारको निति अनुसार लघुबीमा व्यवसाय गर्न हरेक प्रदेशमा एक-एक गरी सातवटा लघुबीमा कम्पनी स्थापनाका लागि प्राधिकरणले सैद्धान्तिक स्विकृति प्रदान गरेको छ। स्विकृति प्राप्त गर्ने कम्पनीहरुमा तिन लघु जीवन बीमा कम्पनी र चारवटा लघु निर्जीवन बीमा कम्पनी रहेका छन्। सैद्धान्तिक स्विकृति प्राप्त गरेका सात कम्पनी मध्ये चारवटा (दुई लघु जीवन र दुई लघु निर्जीवन) कम्पनीले यस आ.व. मा कारोबार सुरु गरेका छन्।

**तालिका नं. १८**

**आ.व. २०७९/८० मा दर्ता भएका लघु निर्जीवन बीमक**

| क्र सं | कम्पनीको नाम | ठेगाना | स्वामित्व | दर्ता मिति |
|---|---|---|---|---|
| १ | नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लिमिटेड | भरतपुर, चितवन | निजी | १२/२७/२०७९ |
| २ | प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स कम्पनी लिमिटेड | धनगढी,कैलाली | निजी | १२/२८/२०७९ |

**तालिका नं. १९**

**आ.व. २०७९/८० मा दर्ता भएका लघु जीवन बीमक**

| क्र सं | कम्पनीको नाम | ठेगाना | स्वामित्व | दर्ता मिति |
|---|---|---|---|---|
| १ | गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड | बिराटनगर, मोरङ | निजी | १२/२७/२०७९ |
| २ | क्रेष्ट माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड | वीरेन्द्रनगर, सुरखेत | निजी | १२/२८/२०७९ |

## ६.२ लघु बीमकहरुको कारोबार

क्रेष्ट माइक्रो लाइफ इन्स्योरेन्सले आ.व. २०७९/८० मा ९२ वटा बीमालेख जारी गर्दा रु. ६३,८२८ बराबरको बीमाशुल्क संकलन गरी रु.१,७०,५४,००० बराबर बीमाङ्कको जोखिम रक्षावरण गरेको देखिन्छ। त्यस्तै गार्डियन माइक्रो लाइफ इन्स्योरेन्सले १२७ वटा बीमालेख जारी गर्दा रु.१,४१,२६७ बराबरको बीमाशुल्क संकलन गरी रु.४,६०,१०,००० बराबर बीमाङ्कको जोखिम रक्षावरण गरेको देखिन्छ। यसरी हेर्दा लघु जीवन बीमकहरुले आ.व. २०७९/८० मा कूल २१९ बीमलेख जारी गरेको देखिन्छ तथा रु.२,०५,०९५ बराबरको बीमाशुल्क संकलन र रु. ६,३०,६४,००० बराबर बीमाङ्कको जोखिम रक्षावरण देखिन्छ।

**तालिका नं. २०**

**लघु जीवन बीमकले आ.व. २०७९/८० मा गरेको कारोबार**

| क्र.सं. | बीमक | बीमालेख संख्या | बीमाशुल्क (रकम) | बीमाङ्क (रकम) |
|---|---|---|---|---|
| १ | क्रेष्ट माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड | ९२ | ६३,८२८ | १,७०,५४,००० |
| २ | गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड | १२७ | १,४१,२६७ | ४,६०,१०,००० |
| | **जम्मा** | **२१९** | **२,०५,०९५** | **६,३०,६४,०००** |

दुई लघु निर्जीवन बीमा कम्पनी मध्ये नेपाल माइक्रो इन्स्योरेन्सले आ.व. २०७९/८० मा कुनै पनि कारोबार गरेको देखिदैन। प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्सले जम्मा २ वटा बीमालेख जारी गर्दा रु. १०,१०८ बराबरको बीमाशुल्क संकलन गरी रु.६९,७०,८७२ बराबर बीमाङ्कको जोखिम रक्षावरण गरेको देखिन्छ।

**तालिका नं. २१**

**लघु निर्जीवन बीमकले आ.व. २०७९/८० मा गरेको कारोबार**

| क्र.सं. | बीमक | बीमालेख संख्या | बीमाशुल्क (रकम) | बीमाङ्क (रकम) |
|---|---|---|---|---|
